लेखापरीक्षण प्रतिवेदन

हरिनास गाउँपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

हरिनास गाउँपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/498

श्रीमान् अध्यक्षज्यू,

हरिनास, गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/498

श्री अध्यक्षज्यू ,

हरिनास गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

स्याङ्जा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा गाउँपालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको रु.१ अर्ब ०२ करोड ६० लाख ९८ हजार लेखापरीक्षण गरिएकोमा रु.३ करोड ६७ लाख ६१ हजार (३.५८ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२९ लाख ६२ हजारको प्रतिक्रियाबाट फर्स्योट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.३८ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९५ लाख ६१ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.४१ लाख ९९ हजार रहेको छ। गत वर्षसम्म रु.१४ करोड ०५ लाख २६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१७ करोड ४२ लाख ७९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
१३१	६३	३,६७,६१,१२४	०	४१	२९,६२,०७९	०	१३१	२२	३,३७,९९,०४५	३८,४१७	२,९५,६१,३९३	४१,९९,२३५	०	०	३,३७,६०,६२८	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
स्याङजा	१४,०५,२६,६१४	०	४६,३९६	१४,०४,८०,२१८	०	३,३७,९९,०४५	१७,४२,७९,२६३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	सामाजिक सुरक्षा तर्फ :	२,००,०००
२	२०८१/८२	शिक्षा तर्फ :	३,४५,०००
३	२०८१/८२	प्रशिक्षण खर्च :	७,४८०
४	२०८१/८२	पेश्की व्यवस्थापन तर्फ :	१९,५९,०००
५	२०८१/८२	पदाधिकारी बिमा:	१०,०००
६	२०८१/८२	इन्धनको बिल पेश गर्नुपर्ने :	३,१०,०६९
७	२०८१/८२	अध्यक्ष कप भलिबल :	१,३०,५३०
८	२०८०/८१	वैठक भत्ता	१०,२००

९	२०८०/८१	घटी कर कट्टी	३६,१९६
जम्मा			३०,०८,४७५

हरिनास गाउँपालिका, स्याङ्जा

(८०४४३५०६३००)

हरिनास गाउँपालिका , स्याङ्जा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ८७.४८ वर्ग किलोमिटर, घरधुरी ३३९४ रहेकोमा जनसंख्या १३१९१ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।१२ देखि २०८२।०५।३० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्यय तर्फ रु.१ अर्ब ०२ करोड ६० लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण तर्फ :**

२.१ **वित्तीय प्रतिवेदन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ भने स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ ।

प्राप्ति					भुक्तानी		
क्र सं	विवरण	रकम	रकम	क्र सं	विवरण	रकम	रकम
१	सुरु मौज्दात		५५५९६२४१.७१	१	चालु खर्च		२४२७३२३१६.४४
	१.संचित कोष	५०४८७६६७.७१			१. पालिका तर्फ	७१८६५३९८.५६	
	२.धरौटी	५१०८५७४			२. संघीय सशर्त	१६५८४५०५६.८८	
	३.कार्यसञ्चालन कोष				३. संघीय विशेष	५०२१८६१	
	४. अन्य कोष				४. प्रदेश सशर्त		
२	यस वर्षको आय		८०५९३३३९.५४		५. प्रदेश विशेष		
	क.आन्तरिक आय	६२६७३०४.५६		२	पुँजीगत खर्च		१२५५१६८६३
	ख) राजस्व बाँडफाँट संघ	६९२८०६६७.५५			१. पालिका तर्फ	१२१९४०६५२	
	ग) राजस्व बाँडफाँट प्रदेश	४८९०८७८.४३			२प्रदेश विशेष	१४८२५७२	
	घ) राजस्व बाँडफाँट स्थानीय	१५४४८९.			३प्रदेश समपुरक	२०९३६३९	
					४ प्रदेश सशर्त		
३	वित्तीय हस्तान्तरण (संघ)		२६६३२९२६८.		५संघीय सशर्त		
	क) समानीकरण अनुदान	७५५१८४८०			६संघीय विशेष		
	ख) सशर्त अनुदान	१८३९७४१२०.			७संघीय समपुरक		
	ग) विशेष अनुदान	६८३६६६८					
	घ) समपुरक अनुदान						
	ङ) रोयल्टी						
	च) अन्य						
				३	अन्तर सरकारी अख्तियारी (संघ)		१३२३८८१९५
४	वित्तीय हस्तान्तरण (प्रदेश)		१५१५७०००.		क) सामाजिक सुरक्षा	११८०१४१२४	
	क) समानीकरण अनुदान	१०१५७०००			ख) एकिकृत स्वास्थ्य पूर्वाधार	१४२४८०७१	
	ख) समपुरक	३००००००.००			ग. विद्यालय क्षेत्र	१२६०००	

	अनुदान				योजना		
	ग) विशेष अनुदान	२००००००		४	अन्तर सरकारी अख्तियारी (प्रदेश)		
	घ) सशर्त अनुदान			५	ऋण फिर्ता(साँवा)		
	ङ) रोयल्टी			६	ऋणको ब्याज भुक्तानी		
	च) अन्य			७	धरौटी फिर्ता /सदर स्याहा		१५४५६७४
				८	कार्यसञ्चालन कोषबाट भएको खर्च		१६०४४४०
५	अन्तर सरकारी अख्तियारी (IPFMS बाट भुक्तानी संघ)		१३२३८८१९५.	९	अन्य कोषबाट भएको खर्च(विभाज्यकोषबाट भएको		२५७४८१
	क) सामाजिक सुरक्षा	११८०१४१२४		१०	गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
	ख) एकिकृत स्वास्थ्य पूर्वाधार	१४२४८०७१		११	अन्य सहयोगमा सञ्चालित योजना		
	ग. विद्यालय क्षेत्र योजना	१२६०००		१२	अन्य खर्च		
५	अन्तर सरकारी अख्तियारी (प्रदेश)	०	०.	१२	अनुदान फिर्ता		
६	ऋण/ वित्तीय व्यवस्था				१. संघ तर्फ		१९९४३८७०.१२
७	धरौटी आय	३६२२५३८	३६२२५३८.		क) सशर्त अनुदान	१८१२९०६३.१२	
८	कार्यसञ्चालन कोष आय	२३३७६२६.८३	२३३७६२६.८३		ख) विशेष अनुदान	१८१४८०७	
९	अन्य कोषको आय(विभाज्य कोषको आय	२५७४८१	२५७४८१		ग) समपुरक अनुदान		
१०	गैरसरकारी संस्थाबाट सञ्चालित योजना				२. प्रदेश तर्फ		१४२३७८९
११	अन्य सहयोगमा प्राप्त सञ्चालित योजना				क) विशेष अनुदान	५१७४२८	
१२	अन्य आय भएमा				ख) समपुरक अनुदान	९०६३६१	
					ग) सशर्त अनुदान		

				१३	अन्तिम मौज्दात		३०८६९०६१.५२
					१. संचित कोषको मौज्दात	२२९५०४३६.६९	
					२. धरौटी	७१८५४३८	
					३. कार्यसञ्चालनकोष	२३३१८६.८३	
					४. अन्यकोष कर्मचारी कल्याणकोष	५०००००	
जम्मा			**५५६२८१६९०.०८**				**५५६२८१६९०.०८**

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले देहायको शीर्षकहरुमा गरेको खर्च सुत्रमा लेखाङ्कन गरेको छैन ।

क्र.स.	शीर्षक	विनियोजन रु.	खर्च रु.	कैफियत
१	सामाजिक सुरक्षा तथा संरक्षण	११८०७१८००	११८०१४१२४	
२	एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	१४६७८०००	१४२४८०७१	
३	विद्यालय शिक्षा क्षेत्र योजना	१६९०००	१२६०००	
४	प्रदेश वाश प्लान	१५००००	०	
५	प्रदेश विविध कार्यक्रम	५०००००.०	०	
	जम्मा	१३३५६८८००	१३२३८८१९५	

जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

२.३ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

खाता	**स्रेस्ताअनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तहसञ्चित कोष खाता	२२९५०४३६.६९	२२९४५८२६.६९	४६१०
विविधखर्च खाता	२३३१८६.८३	२३३१८६.८३	
कर्मचारीकल्याणकोष खाता	५०००००.०	५०००००.०	
धरौटी	७१८५४३८.०	७१८५४३८.	
जम्मा			४६१०

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच रु. ४६१० फरक परेको समयमा नै हिसाब मिलान गर्नुपर्दछ ।

२.४ **फरक हिसाब :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१७ लाख ८० हजार, यस वर्षको प्राप्ति रु.२१ करोड ५५ लाख ०७ हजार, यस वर्षको भुक्तानी रु.१५ करोड ७१ लाख ६३ हजार र बैङ्क मौज्दात रु.६२ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**	कैफियत
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	५७३७६२६९	३४०७७४१९८	३६८२४९१८०	३०९३१३१२	
एकीकृत आर्थिक विवरणअनुसार	५५५९६२४२	५५६२८१६९०	५२५४१२६२९	३०८६९०६२	
फरक	**१७८००२७**	**२१५५०७४९२**	**१५७१६३४४९**	**६२२५०**	

२.५ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोवारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१ करोड ०५ लाख ९६ हजार मौज्दात रहेकोमा यो वर्ष सुत्र प्रणाली अनुसार रु.५ करोड ७३ लाख ७६ हजार र एकीकृत आर्थिक विवरण अनुसार रु.५ करोड ५५ लाख ९६ हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा क्रमशः रु. ४ करोड ६७ लाख ८० हजार र रु.४ करोड ५० लाख फरक जिम्मेवारी सारेको छ । सो हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **सञ्चित कोषमा स्थानान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात् पनि पालिकाको विभिन्न खाताहरुबाट रु.४६१०.० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ वित्तीय विश्लेषण तर्फ :

३.१ **खर्च विश्लेषण :** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.६२ लाख ६८ हजार, अ.ल्या. रु.५ करोड ०४ लाख ८८ हजार, राजस्व बाँडफाँट रु.७ करोड ४३ लाख २६ हजार, संघीय अनुदानबाट रु.२६ करोड ६३ लाख २९ हजार तथा प्रादेशिक अनुदानबाट रु.१ करोड ५१ लाख ५७ हजार र अन्तरसरकारी अख्तियारीबाट रु.१३ करोड २३ लाख ८८ हजार समेत रु.५४ करोड ४९ लाख ५५ हजार आम्दानी भएकोमा चालुतर्फ रु.२४ करोड २७ लाख ३२ हजार तथा पुँजीगततर्फ रु.१२ करोड ५५ लाख १६ हजार र अन्तरसरकारी अख्तियारीतर्फ रु.१३ करोड २३ लाख ८८ हजार समेत रु.५० करोड ०६ लाख ३७ हजार खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १.३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.९८ लाख ३१ हजारखर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ६४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६८ प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३.२ **त्रैमासिक पुँजीगत खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन

गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

क्र.स.स	**बजेट उपशिर्षक**	**कुल खर्च**	**त्रैमासिक खर्च रु**				
			प्रथम त्रैमासिक खर्च	**दोस्रो त्रैमासिक खर्च**	**तेश्रो त्रैमासिक खर्च**	**चौथो त्रैमासिक खर्च**	**असार महिनाको खर्च**
१	पूँजीगत खर्चतर्फ	१२५५१६८६३.०	४३८३१८३४.०	१०३१७३२८.०	३१२८५६२४.०	४००८२०७७.०	२५१८८३११.०
२	प्रतिशत	१००	३४.९२	८.२१	२४.९२	३१.९५	२०.०६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१२ करोड ५५ लाख १६ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा ३४.९२ प्रतिशत, दोश्रो त्रैमासिकमा ८.२१ प्रतिशत र तेश्रो त्रैमासिकमा ३१.९३ प्रतिशत र चौथो त्रैमासिकमा ३१.९३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र २०.०६ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा ३४.९२ प्रतिशत खर्च भएको देखियो । यो रकम गत वर्षको भुक्तानी दिन बाँकीको भुक्तानी पनि दिएको देखिन्छ । असार महिनामा २०.०६ प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार भएको देखिदैन । खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुँदा समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुधार गर्नुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम तर्फ :**

४.१ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.२ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री इन्द्र कुमारी थापा रानाले मिति २०८१।३।१० गते रु.४७ करोड ५४ लाख ४५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा रु.४७ करोड ५४ लाख ४५ हजारको मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने कार्यलाई निरन्तरता दिनेतर्फ ध्यान दिनुपर्दछ ।

४.३

बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.४ **क्षेत्रगत बजेट तथा खर्च विश्लेषण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार अनुगमन गर्नुपर्दछ । पालिकाले विनियोजन गरेको र खर्च गरेको क्षेत्रगत स्थिति देहाय अनुसार रहेको छ ।

मुख्य क्षेत्र	**वार्षिक वजेट रु**	**खर्च रकम रु**	**विनियोजनको तुलनामा खर्च प्रतिशत**
आर्थिक विकास	१४०३२०००.०	१०५६१९३६.०	७५.२७
सामाजिक क्षेत्र	२०२७२६५००.०	१६९५८४५७८.०	८३.६५
पूर्वाधार विकास क्षेत्र	१५४१५५५००.०	१०३७३९६५६.०	६७.२९
सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र	४७०५०००.०	३६०३१३०.०	७६.५८
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१०१३३६०००.०	८०७५९८७९.०	७९.७०
जम्मा	४७६९५५०००.०	३६८२४९१७९.०	७७.२०

माथि उल्लिखित तालिका अनुसार सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ८३.६५ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबैभन्दा न्यून ६७.२९ प्रतिशत खर्च भएको देखिन्छ । सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा करिब ७६.५८ प्रतिशत बजेट खर्च भएको र आर्थिक विकासको क्षेत्रमा ७५.२७ प्रतिशत देखिन्छ । पूर्वाधार विकास क्षेत्रको बजेट लगायत पूँजीगत काममा विनियोजित बजेटबाट चेतनामूलक तालिम कार्यक्रमजस्ता कार्यक्रम भएको देखिन्छ । पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकिएन । पालिकाले आवश्यकता विश्लेषण गरी बजेट विनियोजन गर्ने र सोही अनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ ।

४.५ **अबण्डा बजेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले विगतका आर्थिक वर्षको लेखापरीक्षण सुझावहरुको बेवास्ता गरी पुन यसवर्ष जनतासँग अध्यक्ष कार्यक्रम र साना तथा मझौला खानेपानीमा रु.१ करोड ४९ लाख ५१ हजार अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको पाईयो । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अबण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेको केही योजनाका उदाहारण देहायअनुसार छन।सो कार्य नियमित मान्न सकिएन रु.

सि.नं.	**कार्यक्रमको नाम**	**बजेट रु.**
१	जनतासँग अध्यक्ष	१३५१६०००
२	साना तथा मझौला खानेपानी	१४३५०००
	जम्मा	**१४९५१०००**

अनियमित भएको	१,४९,५१,०००

४.६ **रकमान्तर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयबाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पुँजीगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ । साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा २ मा गाउँ कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा २०% सम्म रकमान्तर गर्न सक्ने तर पुँजीगत तथा वित्तीय व्यवस्थाका लागि विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न ४० शीर्षकबाट रु.३ करोड ६० लाख ४६ हजार घटाएको तथा ५३ शीर्षकबाट रु.३ करोड ६० लाख ४६ हजार बजेट थप गरिएको देखिन्छ । यसरी बजेट रकमान्तर गरिएको अङ्क सुरुवाती बजेटको तुलनामा १५.१६% हुने देखिन्छ । रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ । कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा बजेट उपशीर्षक अनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ । वर्षान्तमा ठूलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुने हुँदा बजेट बनाउदा नै कार्यन्वयनयोग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोके अनुसार मात्र रकमान्तर तथा श्रोतान्तर गर्नुपर्दछ । विनियोजन ऐनमा चालु, पुँजीगत तथा वित्तीय व्यवस्थाको लागि एक स्रोतबाट अर्को स्रोतमा खर्च गर्न सकिने गरी कानून निर्माण गरिएको छ । यस्तो कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

४.७ **योजना तथा बजेट कार्यन्वयनः** पालिकामा योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरेको तर सोको पूर्ण कार्यान्वयन पाईएन ।
- पालिकाले दीर्घकालीन लाभ हुने र धेरै जनसङ्ख्या लाभान्वित हुने खालका योजना तर्जुमा गरी कार्यान्वयनमा लगेको देखिएन ।
- पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको देखिन्छ ।
- पालिकाले दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यहरुलाई आन्तरिकीकरण गर्न प्रयास गरेको देखिएन ।
- खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार पारी सोही अनुसार खरिद कार्य गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ।
- पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो विकास योजनाका लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यमकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

५ कानून निर्माण एवंम कार्यान्वयन तर्फ :

५.१ **कानून कार्यान्वयन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ । यस पालिकाले हालसम्म १२ वटा ऐन, ३ वटा नियमावली, ४१ वटा कार्यविधि, निर्देशिका लगायत ५६ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष ३ वटा कार्यविधि, १ वटा मापदण्ड तथा १ वटा ऐन निर्माण भएको छ । साथै पालिकाले ५ वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु पूर्ण रुपमा राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

५.२ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको आलीधुर, बाँध, पैनी, कुलो हक लगायत उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको १४ गरी कुल १६ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई १२ वटा फछ्र्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली तर्फ :**

६.१ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा २०८०।११।०६ मा स्वीकृत भई आर्थिक नियम कार्यविधि, २०८० लागू भएको छ । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• निजामती सेवा ऐन,२०४९ बमोजिम यस पालिकामा कार्यरत ८४ जना कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।

• सम्बन्धित वर्षमा कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• राजश्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरे पनि यथासम्भव दाखिला गरेको देखिएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा सडक ढलानजस्ता जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ ।

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन ।

• फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो । यसमा सुधार गर्नुपर्दछ ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरी अनुगमन समेत गरेको देखिने अभिलेख राख्नु पर्दछ ।

• संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाईएन ।

• आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन ।

• पालिकाले आफै गर्न सक्ने सामान्य प्रकृतिका कार्यहरु समेत गैरसरकारी संस्थामार्फत गराएको देखिन्छ ।

• सामाजिक सुरक्षा भत्ता वितरणको लागि निकासा भएको रकम वितरण नभई बाँकी रहेको रकम समयमा नै बैङ्कबाट फिर्ता माग गरी सञ्चित कोषमा दाखिला गरेको देखिएन ।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.२ **म.ले.प. फारामहरुको प्रयोग :** तीनै तहका सरकारहरुमा मिति २०७६।४।१ देखि लागू हुने गरी महालेखापरीक्षकबाट मिति २०७६।२। १९ मा विभिन्न म.ले.प. फाराहरु स्वीकृत गरिएका छन् । महालेखा नियन्त्रक कार्यालयले पालिकालाई उक्त कुरा मिति २०७६।४।१ को परिपत्रबाट सर्कुलर समेत गरिसकेको छ । यस पालिकाले स्वीकृत भएका म.ले.प. फारामहरु मध्ये निर्माण कार्यसँँग सम्बन्धी ५०१ देखि ५१४ सम्म फारामरुमध्ये कतिपय फाराहरु जस्तै फाराम नं ५०२ परामर्श सेवाको लागत अनुमान, फाराम नं ५०५ आईटमवाईज कार्य अभिलेख खाता, फाराम नं ५०६ ठेक्कागत अभिलेख खाता, फाराम नं ५०७ ठेक्कागत अभिलेख खाता राख्ने गरेको पाईएन । साथै फाराम नं ५०३ नापी किताब, फाराम नं ५०४ ठेक्का सम्बन्धी बिल, फाराम नं ५१० कार्यस्वीकार/कार्य सम्पन्न प्रतिवेदन तोकिएको ढाँचामा राखेको पाईएन । अतः पालिकाले तोकिएका फारामहरु प्रयोग गरी अभिलेख एवं प्रतिवेदन प्रणाली चुस्तदुरुस्त एवं पारदर्शी तवरले राख्नुपर्दछ ।

६.३

अभिलेख व्यवस्थापन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुनै बिल विजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताब ठेक्का बील कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति, नापी लिएको मिति, कार्य सम्पन्न हुनुपर्ने मिति, कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन । जसबाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति यकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि कार्यसम्पादन जमानत लिनु पर्ने अवधि यकिन गर्न सकिएन । यस्तोमा निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरिदिने गरेको कारण निर्माण व्यवसायीले जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो । यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नुपर्दछ ।

६.४ **गत वर्षको भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी बिर्ता बगर पुल निर्माण रु.९६०६७३, ढुङ्गेठाटी चुलीडाँडा सडक रु.१६०१०००, दम्दी बजार ढलान रु.९९२०००, स्थानीय पाठ्यक्रम निर्माण लगायतको क्रियाकलाप समेतको रु.३२०३८२००।- भुक्तानी दिएको छ । यस्तो भुक्तानी गर्दा खाता तथा कच्चावारी सहित भुक्तानी गर्नुपर्दछ ।

६.५ **बेरुजु लगत :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ । पालिकाले बेरुजुको अद्यावधिक लगत, कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन । साथै पालिकाले बेरुजु सम्परीक्षण गर्नेतर्फ ध्यान दिएको देखिएन । बेरुजु र बेरुजु फस्यौटको लगत अध्यावधिक राख्नुपर्ने तथा महालेखापरीक्षको प्रतिवेदनमा औंल्याइएका बेरुजुको समयमै सम्परीक्षण गराउनुपर्दछ।

६.६ **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानिय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरिक्षकको पदमा व्यक्ति भएको पाइएन । पालिकामा आन्तरिक लेखापरीक्षण गर्ने जनशक्ति उपलब्ध नभएको अवस्थामा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुरोध गरी आन्तरिक लेखापरीक्षण गराउनुपर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरेको देखिएन । सीमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सबै कारोबारको परीक्षण गर्न सम्भव हुने स्थिति छैन । कतिपय कारोबार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरिक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ । यस्तो अवस्थामा पालिकाले आन्तरिक लेखापरीक्षण गराउने प्रयास समेत नगरेको उपयुक्त देखिएन । अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन नियम अनुसार आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।

७ धरौटी लेखा :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी कारोबारको लेखा राख्ने सम्बन्धी व्यवस्था रहेको छ । पालिकाको गत वर्षको धरौटी अल्या रु.५१०८५७४, यस वर्षको आम्दानी रु.३६२२५३८ समेत जम्मा आम्दानी रु.८७३१११२ भएकोमा खर्च (फिर्ता) रु.१५४५६७४ र सदरस्याहा रु. ० गरी अन्तिम मौज्दात रु.७१८५४८३ रहेको विवरण पेश गरेको छ । पालिकाले धरौटी लेखालाई थप व्यवस्थित बनाई चुस्तदुरुस्त राख्ने कार्यमा ध्यान दिनुपर्दछ ।

८ संगठन तथा कर्मचारी व्यवस्थापन तर्फ :

८.१ **प्रशासकीय सङ्गठन र जनशक्ति व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा

व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा स्वास्थ्य, कृषि, पशुसहित ८४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ४१ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, स्वास्थ्यकर्मी सहित ४३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

८.२ **कर्मचारी व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा समेत कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.१२१८२७४२।- भुक्तानी गरेको पाइयो ।

पद	संख्या	तलब भत्ता रु.	तलब स्रोत
अधिकृतस्तर छैठौं	३	१७०३८७१	सशर्त र पालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता भुक्तानी भएको ।
सहायकस्तर चौथो, पाँचौ	१३	५७१४९०४	
नगर प्रहरी	३	१२४६७९१	
श्रेणीविहिन	१२	३५१७१७६	
जम्मा		**१२१८२७४२**	

करार कर्मचारीहरुको नियुक्ती गर्दा आन्तरिक आयसँग सामञ्जस्यता कायम गर्नुपर्दछ ।

८.३ **तलबी प्रतिवेदन :** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका ४१ स्वास्थ्यकर्मी र कर्मचारीहरुको रु.१३४७६०३७.० र पालिकाका ४३ कर्मचारीको रु.१३५०००००.० समेत रु.११०९९७१८.८८ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

९ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ५ संघसंस्था र ७० व्यक्तिलाई आर्थिक सहायताको लागि रु.१००००००० विनियोजन गरेकामा रु.९३०००० वितरण गरेको छ । यस्तो सहायता मुख्यगरी मानसिक रोगी, दीर्घ रोगी, अशक्त एवम् वद्धहरुलाई सहायता, क्रिया खर्च तथा शव व्यवस्थापन जस्ता कार्यहरुको लागि उपलब्ध गराएको पाइयो । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.६३२९५५४.५६ को १४.६९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

१० **विज्ञापन प्रकाशन तथा प्रशारण कार्य :**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअधि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरिएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम विज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले

यस वर्ष पालिका चालूतर्फ रु.१५००००.० बजेट व्यवस्थापन गरी रु.१३७५४५०.० खर्च गरेको देखियो । उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु.४१२६४.० बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन । पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ ।

११ **फोहोरमैला व्यवस्थापन :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले दम्दी, चिसापानी, सालडाँडा, देउराली, प्यारसिंह, रोदीखोला लगायतका बजार क्षेत्रका उत्सर्जन हुने फोहोरको स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गर्नुपर्नेमा सो नगरेको पाइयो । पालिका क्षेत्रमा फोहोरको समुचित व्यवस्थापन भएकोमा यकीन हुन सकिएन ।

१२ **सफ्टवेयर खरिद :**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले दर्ता चलानी सफ्टवेयर रु.४५००००.०, योजना व्यवस्थापन सफ्टवेयर रु.४५००००.०, SMS गर्ने सफ्टवेयर रु.४९७२००.० र भिलेज प्रोफाइल रु.१००००००.० को सफ्टवेयर खरिद गरी रु.२३९७२००.० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृति लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

१३ **सार्वजनिक परीक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

१४ **खरिद तथा ठेक्का अभिलेख तर्फ :**

१४.१ **आवधिक योजना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१४.२ **योजनाको प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, समावेशी विकास, दिगो वातावरण संरक्षण उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ७ वडाको लागि ७० वडागत र ९४ पालिकास्तरका कुल १६४ योजनामा बजेट विनियोजन गरेको छ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५ लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	९४	११	३९	४४
२.	वडास्तरीय	७०	०	७	६३
	जम्मा	१६४	११	४६	१०७

उपर्युक्त विवरण अनुसार पालिकाले १०७ साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका १६९ योजनामध्ये १६४ योजनामात्र कार्यान्वयन भई ५ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१४.३ **वार्षिक खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८५४४६५००.० विनियोजन गरेकोमा रु.१२५५१६८६३.० पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा विनियोजन गरी रु.१२५५१६८६३.० खरिद कार्य गरेको देखियो । अतः पालिकाले नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१५ **पेश्की व्यवस्थापन तर्फ :**

१५.१ **म्याद ननाघेको पेश्की :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्ष ८ कार्यक्रममा ८ वटा निकाय तथा उपभोक्ता समितिलाई रु.३७८१०००.० पेश्की दिएको छ । यसवर्षको अन्तसम्म रु.४५००००.० पेश्कीको म्याद ननाघेता पनि सोको अभिलेख व्यवस्थित गरी फस्योंट तथा गत विगतका पेश्कीको समेत एकीकृत हिसाब कायम गर्नुपर्दछ ।

शीर्षक	म्याद ननाघेको	म्याद नाघेको	जम्मा
संस्थागत	१७०७५७४८.०	-	१७०७५७४८.०
उपभोक्ता समिति	४५००००.०	३७८१०००.०	४२३१०००.०
जम्मा	१७५२५७४८.०	३७८१०००.०	२१३०६७४८.०

१५.२ **पेश्की बाँकी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्योट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने उल्लेख छ । पालिकाले विभिन्न उपभोक्ता समितिलाई दिएको पेश्की गतवर्षको अन्त्यसम्म फस्र्योट नभई रु.१८२२०००।- बाँकी रहेको देखिन्छ । सो मध्ये यसवर्षको पेश्की रु.१७५२५७४८।- समेत रु.१९३४७७४८।- गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फछ्र्योट गरी सोको प्रमाण पेश गर्नुपर्दछ ।

..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **९२८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३७४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२८५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१९२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा १५.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	१८,२२,०००

१६ **अनुदान प्राप्ति, उपयोग र फिर्ता :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा हस्तान्तण भएको अनुदानमध्ये सशर्त अनुदान, समपुरक अनुदान र विषेश अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रु.१९९४३८७०.१२ रकम फिर्ता गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता गर्नुपर्ने बाँकी रकम	फिर्ता भएको रकम
संघीय सरकार	सशर्त	१८०९११२०.०	१६२७८२०५६.८८	भएको	१८१२९०६३.१२
	विशेष	६८३६६६८.०	५०२१८६१.०	भएको	१८१४८०७.०
प्रदेश सरकार	विशेष	२००००००.०	१४८२५७२.०	भएको	५१७४२८.०
	समपुरक	३००००००.०	२०९३६२९.०	भएको	९०६३६१.०
	जम्मा	**१९२७४७७८८.०**	**१७१३८०१२८.८८**		**२१३६७६५९.१२**

यस्तै गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४० अनुसार प्रदेश सरकारबाट पालिकालाई हस्तान्तरण भएका उल्लिखित अनुदानहरु मध्ये खर्च हुन नसकी बाकी रहेको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा प्रदेश सरकारबाट प्राप्त भई खर्च हुन नसकेको रु.१४२३७८९ फिर्ता भएको छ । पालिकालाई प्राप्त भएको सम्पूर्ण अनुदान रकम तोकिए बमोजिम समयमा नै खर्च गर्ने व्यवस्था मिलाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१७ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा वडा सहित रु.१०५५००० विनियोजन गरी रु.८८२३४७ खर्च गरेको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१८ **सहकारी तर्फ :**

१८.१

सहकारी नियमन : सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र देहाय अनुसारका २० वटा सहकारी संस्था रहेका छन् ।

क्र.सं.	विवरण	संख्या	क्र.सं.	विवरण	संख्या
१	डिभिजन सहकारीबाट हस्तान्तरण	१२	१	बचत तथा ऋण सहकारी	६
२	गाउँपालिकामा दर्ता भएका	८	२	कृषि सहकारी	८
३	नवीकरण भएका	-	३	बहुउद्देश्यीय सहकारी	३
४	लेखापरीक्षण भएको सहकारी	-	४	उत्पादक सहकारी	२
५	समस्याग्रस्त सहकारी	०	५	अन्य	१
६	COPOMIS मा आबद्ध	१२		जम्मा	२०

त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

१८.२ **सहकारी बचत तथा कर्जा सुरक्षण कोष :** सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरुको सहभागितामा संस्थाहरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ । पालिकाभित्रका सहकारीहरुको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरी नागरिकहरुको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरी कार्य गरेको पाईएन । तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वियनमा ल्याउनुपर्दछ ।

१८.३ **वार्षिक प्रतिवेदन :** पालिकाले सहकारी ऐनको दफा ७४ मा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण गरी वार्षिक प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । सो कार्य पालिकाले गरेको पाईएन । तसर्थ कानुनी व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ ।

१९ **पुरातात्विक महत्वको मन्दिर निर्माणः**

प्राचीन स्मारक र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको संरक्षणको निमित्त बनेको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र नियमावली, २०४६ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र भएका पुरातात्विक महत्वका मठमन्दिर, सत्तल, ढुङ्गेधारा, इनार आदिको पुनर्निर्माण, जीर्णोद्धार, स्तरोन्नती मर्मत गर्दा पुरातत्व विभागको स्वीकृति लिनुपर्ने तथा यस्तो मर्मत, जिर्णोद्धार गर्दा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पुरातत्वको ९ शीर्षकमा रु.४९००००० विनियोजन गरी रु.४१६२०२८ खर्च तथा सम्पदा पूर्वाधारमा रु.५००००० विनियोजन गरी रु.२००००० खर्च गरेको छ । यस्ता पौराणिक महत्वका मन्दिर स्तरोन्नती, छटघाट ढलान, मन्दिर कोठा निर्माण, मन्दिर जिर्णोद्धार कार्यको लागि परीक्षण गरेका भौचरमा संलग्न लागत अनुमान, प्राविधिक नापी तथा उपभोक्ता समितिले पेश गरेका बिल विजकहरुमा सिमेन्ट प्रयोग हुने आरसिसि, पिसिसि, प्लाष्टर लगायतका कंक्रिटजन्य संरचना निर्माणको लागि भुक्तानी गरेको देखियो । कानूनमा व्यवस्था भए बमोजिम धार्मिक तथा पौराणिक महत्वका सम्पदाहरुको संरक्षण तथा मर्मत गर्दा पौराणिक महत्व झल्कने तथा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्री प्रयोग भएको छ भन्ने प्रमाण श्रेस्तासँग संलग्न राखेको छैन । यसबाट धार्मिक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको मौलिकता

संरक्षित हुन नसकी मौलिकता परिवर्तन हुने देखिन्छ । यस कार्यमा सुधार गरी कानूनमा भएको व्यवस्था बमोजिम कार्य गराउन पालिकाले ध्यान दिनुपर्दछ ।

२० **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५००००० छुट्टाएको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको देखिन्छ । उक्त कर्मचारी कल्याण कोषलाई कानुन बनाई व्यवस्थित गर्नुपर्दछ ।

२१ **सामुदायिक वनको आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भए अनुसार पालिकामा रहेको २३ वटा सामुदायिक वन उपभोक्ता समिति मध्य १९ वटामात्र अभिलेखीकरण भएको पाइयो । सामुदायिक वनबाट वन पैदावारको बिक्री बापतको प्राप्त हुने रकमको दश प्रतिशत रकम वन कार्यालयसँग समन्वय गरी पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

२२ **योजना अनुगमन :**

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने तथा पदाधिकारीहरुलाई अनुगमन खर्च मासिक भुक्तानी हुने व्यवस्था छ । भौ.न.४१९ / २०८२।३।२५ बाट गाउँपालिकाको १३ जना प्रतिनिधि तथा कर्मचारीहरुले पालिकाकै हलमा पालिका भित्रका विभिन्न योजना तथा कार्यक्रम अनुगमन सम्बन्धमा बैठक बसी रु.२७६००० खर्च लेखेको छ । पदाधिकारी आफैले आफ्नो सेवा सुविधामा बाझिने गरी अनुगमन बैठक बापत खर्च लेखेकोमा यस्तो खर्चको कानुनी आधार नभएकोले नियमित मान्न सकिएन ।

अनियमित भएको	२,७६,०००

२३ **प्रशासनीक नेतृत्वको सरुवा :**

निजामती सेवा ऐन, २०५० को दफा १८(३) अनुसार निजामती कर्मचारीको प्रत्येक दुई वर्षमा सरुवा गर्ने व्यवस्था छ । यस पालिकाको प्रमुख प्रशासकीय अधिकृतको पटक पटक सरुवा भएको देखिएको छ । पालिकाको महत्वपूर्ण पद तथा जिम्मेवार कर्मचारीको पटक पटक सरुवा हुनुले पालिकाको काम, कारबाहीमा समेत असर परेको देखिन्छ । यसरी पटक पटक सरुवा भएबाट कानुनी व्यवस्थाको पालना नभएको देखिन्छ । कानूनमा भएको व्यवस्थाको पालना गरी प्रशासनिक नेतृत्वको सरुवालाई व्यवस्थित गर्न सम्पूर्ण सरोकारवालाहरुले ध्यान दिनुपर्दछ ।

पद	नाम	कार्य अवधि
प्रमुख प्रशासकीय अधिकृत	राम प्रसाद शर्मा	श्रावण देखि कार्तिकसम्म
प्रमुख प्रशासकीय अधिकृत	युवराज अधिकारी	मंसिर देखि पौषसम्म
प्रमुख प्रशासकीय अधिकृत	शिव कुमार पौडेल	माघ देखि हालसम्म

२४ **प्रशिक्षण खर्च :**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२५ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाख देखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने ब्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज, खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाई पटक पटक खरिद गरेको देखिएको छ । पालिकाको मसलन्द तथा कार्यालय सामाग्रीमा कुल विनियोजन रु.२५,००,०००।- र खर्च रु.२४,१७,०००।- रहेको छ । आवश्यकता पहिचान गरी ऐनको व्यवस्था बमोजिम प्रतिष्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

गो.भौ.नं / मिति	आपूर्तिकर्ता	कार्य	खर्च रकम
६३।०८१-६-१६	अस्मिता ट्रेड कन्सर्न	मसलन्द तथा कार्यालय सामाग्री	४९३७८६
२२५।०८१-१२-६	गण्डकी ट्रेड हाउस एण्ड सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	२९३६३०
२५४।०८२-१-४	अधिकारी कम्प्यूटर प्रिन्टर्स	मसलन्द तथा कार्यालय सामाग्री	१८४३८७
३६९।०८२-३-२०	गण्डकी ट्रेड हाउस एण्ड सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	५७९१०७
३७४।०८२-३-२१	अधिकारी कम्प्यूटर प्रिन्टर्स	मसलन्द तथा कार्यालय सामाग्री	८६१७२
४।०८१-५-६	न्यू सृजना छापाखाना	मसलन्द तथा कार्यालय सामाग्री	७६८२३
४।०८१-५-६	रियल डिजाइन प्रा.लि.	मसलन्द तथा कार्यालय सामाग्री	६६३११

पालिकाको जवाफ : पालिकाले छलफलको क्रममा नयाँ कार्यालय स्थापना तथा छपाई समेत गरेको र अघिल्लो आर्थिक वर्षको समेत भुक्तानी दिएको हुँदा सोझै खरिद एकै प्रकृतिको देखिएको जनाएको छ ।

२६ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विविध खर्च शीर्षकबाट अतिथि सत्कारमा रु.१८८०००, वडा विविध खर्च रु.६३०००० र चिया, खाजा, खाना तथा कार्यालय संग सम्बन्धित काममा रु.१३२९००० खर्च गरेको छ । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ । साथै यस प्रकारको खर्च नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२७ **स्वीकृत बजेट तथा खर्च शीर्षक विपरित खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा कारोबार राख्ने प्रयोजनका लागि महालेखा नियन्त्रक कार्यालयले लेखाको ढाँचा र नियमावली, २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा ३ मा बैठक भत्ता पाउने सम्बन्धी व्यवस्था छ । पालिकाले भौ.न.३७/०८२।०३।२२ बाट सहकारी संस्थाहरुलाई कोपोमिस तालिम कार्यक्रमको उद्घाटन सत्रमा रु.८५००, भौचर नं. ३२१/२०८२।०२।२० बाट कार्यालय समयमा बैठक बसी रु.२१२५० र भौचर नं. १३७/२०८१।०९।२८ मा स्वागत तथा परिचयात्मक कार्यक्रममा आफ्नै निकायका कर्मचारी बसी रु.२३४६० गरी जम्मा रु.५३२१० खर्च गरेको छ । यस्ता प्रकारका बैठक भत्ता उपलब्ध गराइएको कार्यलाई नियमसंगत मान्न सकिएन ।

अनियमित भएको	५३,२१०

२८ **पाठ्यपुस्तक छपाई गरी स्टक राखेको :**

सार्वजनिक खरिद ऐन, २०६३ दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ । साथै सोही ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा बाहेक रु.१ लाख भन्दा बढीको खरिद कार्यमा अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने र उपदफा ५(क) अनुसार उक्त लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने उल्लेख छ । साथै कुनै सामाग्री खरिद गर्दा स्टक रहने गरी खरिद गर्न नहुने व्यवस्था रहेको छ । यस पालिकाले तल उल्लिखित भौचर नं र मितिबाट कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यपुस्तकहरु छपाई गरी रु.९८५७६० खर्च लेखेकोमा पाठ्यपुस्तक १९२५ थान स्टक रहेको पाईएकोले आवश्यकता पहिचान गरी सरकारी खर्चमा मितव्ययिता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

भौचर नं./ मिति	विवरण	कुल थान छपाई	स्टक थान	प्रति ईकाइ मूल्य(औषत)	जम्मा मूल्य
४०८।०८२-३-२५	स्थानीय पाठयक्रम प्रकाशन कक्षा १ देखि कक्षा ८ सम्म	३११०	१९२५	२९२	५६२१००

२९ **लगबुक ब्यवस्थापन:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौचर नम्बर ३२२ मिति ०८२।२।२० बाट गाडी न. २५४७, २३३० लगायतका सवारी साधनको ईन्धन खर्च लेखेकोमा रु.८६,९९९ को लगबुक नभएकोले सोको प्रमाण पेश गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	८६,९९९

३० **अन्य निकायका पदाधिकारीलाई भ्रमण भत्ता :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ र संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले भौ.न. ४०४-२०८२।३।२५ र ४२४-२०८२।३।२५ बाट मालपोत कार्यालय, नापी कार्यालय समेतका १७ जना कर्मचारीहरुलाई भ्रमण भत्ता बापत रु.१,३१,२०० भुक्तानी गरेको पाइएको छ । यसरी पालिकाभन्दा फरक निकायका कर्मचारीहरुलाई भ्रमण भत्ता भुक्तानी गर्ने कार्यमा न्यूनीकरण गर्नुपर्दछ । पालिकाले छलफलको क्रममा नापी, मालपोतको काम परेर प्राविधिक कर्मचारीलाई ल्याई कार्य गराए बापत भुक्तानी दिएको जनाएको छ ।

३१ **न्यायिक समितिको कार्यक्रम:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । भौ.न.१८१ मिति ०८१-११-६ बाट जिल्ला न्यायिक समितिको छैठौं जिल्लास्तरीय भेला तथा अन्तरक्रिया कार्यक्रम पालिकाको सभाहलमा सञ्चालन भएको छ । पालिकाले सभाहलमा कार्यक्रम सञ्चालन गर्दा भत्ता लगायतका अन्य सुविधा दिन मिल्ने कार्यविधि तयार गरेको छैन । पालिकाका २० जनप्रतिनिधि तथा ३० जना कर्मचारीलाई सहभागी भत्ता बापत रु.५०००० खर्च लेखेको छ । पालिका कै कर्मचारी तथा जनप्रतिनिधिलाई सहभागी भत्ता दिन मिल्ने व्यवस्था नभएकोमा नियमित काम भित्र पर्ने काम पालिकाकै सभाहलमा सञ्चालन गरी खाजा/नास्ता समेत ब्यवस्था गरेकोमा पुन सहभागी भत्ता भुक्तानी गर्नु औचित्यपूर्ण देखिँदैन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । पालिकामा छलफल हुँदा भौगोलिक विकटता भएकोले सहभागिलाई यातायात खर्च दिएको जानकारी गराएका छ ।

३२ **अध्यक्ष कप भलिबल :**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१३०,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३३ **निर्देशिका बेगरको कार्यक्रम :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्ने साथै गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले तल उल्लिखित भौचर नं र मितिबाट निर्देशिका बेगर कार्यक्रमहरु सञ्चालन गरेको पाईयो । यसरी स्पष्ट मापण्ड बेगर कार्यक्रम सञ्चालन गरी खर्च गर्ने कार्यलाई नियमित मान्न सकिएन ।

गो.भौ.न./ मिति	**विवरण**	**खर्च**
१९४।०८१-११-१३	विपन्न महिला सशक्तिकरण कार्यक्रम	१२९०८०
२७१।०८२-१-९	बालमैत्री स्थानीय कार्यक्रम शासन प्रवर्द्धन कार्यक्रम	१३३६००
३५५।०८२-३-१६	घरेलु तथा लैंगिक हिंसा विरुद्धको कार्यक्रम	९५३९४
३७६।०८२-३-२१	अपाङ्गता सम्वन्धी कार्यक्रम	५५२५०
३५२।०८२।३।११	विविध कार्यक्रम खर्च	२६४११५
३७८।०८२-३-२२	सहकारी संस्थाहरुलाई कोपोमिस तालिम	५६३६०
१२८।०८१-९-२५	पंजीकरण सम्वन्धी कार्यक्रम	४४७००
	जम्मा	**७७८४९९**

अनियमित भएको	७,७८,४९९

३४ **वितरणमुखी कार्यमा खर्च :**

पालिकाले चालु खर्च मितव्ययी र पूँजीगत खर्च नतिजामूलक देखिने गरी खर्च गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा नमुना छनौट गर्दा मिस मगर कार्यक्रम रु.१३००००, मनकामना आमा समूह रु.१०००००, कान्छी बजार मेला रु.१००००० लगायतका विभिन्न वितरणमुखी कार्यमा रु.११,९०,९२९ खर्च गरेको देखियो । यसरी वितरणमुखी एवं प्रतिफल प्राप्त नहुने कार्यको खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

३५ **अनुगमन तथा भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय बनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । साथै नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च शीर्षकमा रु.१५,४९,००० खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सही सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

३६ **मर्मत सम्भार :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्वीकृत गराई सवारी साधनको आधिकारिक बिक्रेताको मर्मत केन्द्रबाट गराउनुपर्ने ब्यवस्था छ । यसवर्ष पालिकाको सवारी साधन मर्मतमा कुल बजेट रु.२५,००,००० रहेकोमा रु.२४,३४,००० खर्च लेखेको छ । नियमावलीको प्रकृया बमोजिम लागत अनुमान स्वीकृत गरी सवारी साधन आधिकारिक बिक्रेताको वर्कसप वा मर्मत केन्द्रबाट सो कार्य गर्नुपर्दछ ।

३७ **पर्व मेला महोत्सव खर्च :**

सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाको चालुतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा तिज गित प्रतियोगिता रु.५,२५,०००, दशैं मेला रु.१,००,०००,मौला पुजा रु.७६,४७० समेतका पर्व मेला तथा महोत्सव प्रयोजनमा रु.७,०१,४७० खर्च गरेको देखिन्छ । पालिकाले खर्चको मापदण्ड तयार गरी यसप्रकार हुने खर्चमा एकरुपता अपनाउनुपर्ने देखिन्छ ।

३८ **इन्धनको बिल पेश गर्नुपर्ने :**

(..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३१०,०६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३९ **पदाधिकारी सुविधा :**

गण्डकी प्रदेशको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिको सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ । पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा जम्मा रु.७९,६९,०००।– पदाधिकारी सुविधामा भुक्तानी गरेको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनुपर्दछ ।

४० **जिन्सी व्यवस्थापन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालयले जिन्सी निरीक्षण गराई सोको प्रतिवेदन लिनुपर्ने र जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका लिलाम बिक्री तथा मर्मत संभार गर्नुपर्ने मालसामानको लिलाम तथा मर्मत कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित भएको जिन्सी मालसामानको लिलाम एवम मर्मत कार्य गरेको देखिएन । पालिकाले नियममा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित मालसामानको तोकिएको समयमा लिलाम एवम मर्मत कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै प्रतिवेदनमा देखिएका प्रमुख व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

- वडा कार्यालय तथा पालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- मोबाईल, ल्यापटप, मोटरसाईकल र स्कुटर लगायतका सामानहरु सम्बन्धित कर्मचारी वा पदाधिकारीको नाममा छुट्टाछुटै ब्यक्तिगत लगत तयार गर्नुपर्ने देखिन्छ ।
- पालिकाको स्वामित्वमा रहेका घर जग्गा र भवनको अभिलेख राख्नुपर्ने देखिन्छ ।
- पालिकाले जिन्सी सामान वडा कार्यालय तथा अन्य विषयगत शाखालाई हस्तान्तरण गर्दा सहायक जिन्सी खाता मार्फत हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

- जिन्सी सामानहरुको PAMS मा मूल्य उल्लेख नगरी दाखिला गरिएकोमा मूल्य खुलाउनुपर्ने देखिन्छ ।
- पालिकाको स्वामित्मा रहेको जिन्सी सामानहरुको विवरण PAMS प्रणालीबाट PAMS V2 प्रणालीमा पूर्ण रुपमा स्थानान्तरण गरेको देखिएन ।

- जिन्सी सामाग्रीहरु PAMS V2 प्रणालीमा दाखिला गरी प्राप्त प्रतिवेदनको अभिलेख तथा कार्यान्वयनलाई व्यवस्थित बनाउनुपर्दछ ।

४१ **पदाधिकारी इन्धनः**

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूची १ मा पदाधिकारीलाई मासीक रुपमा पाउने इन्धन सुविधाको व्यवस्था रहेको र उक्त सुविधा बमोजिम पालिका अध्यक्षले मासिक ९० लिटरका दरले इन्धन सुविधा पाउने व्यवस्था रहेको छ । सोही ऐनको दफा १६ मा कूनै पनि सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ । पदाधिकारी सुविधा सम्बन्धी कानुनले तोकिएको मापदण्ड भित्र रही इन्धन खर्च लेख्नुपर्नेमा पालिकाले कार्यविधि बनाई पदाधिकारीहरुलाई कानूनमा भएको व्यबस्था विपरित थप वार्षिक ३०० लिटर इन्धन सुविधा पाउने गरी कार्यविधि स्वीकृत भई सो बमोजिम खर्च भएको देखियो । यसरी पदाधिकारी आफैले आफ्नो सेवा सुविधा थप गरी ऐनमा तोकिएको भन्दा बढी इन्धन खर्च गरेकोमा ऐनको पालना भएको देखिएन ।

४२ **पदाधिकारी बिमाः**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **छात्रवृति वितरण :**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले भौचर नं. ८५/२०८१।१२।२१ बाट सत्यापन प्रमाणित नगरी एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली (IEMIS)-२०८१ को तथ्याङ्क आधारमा ३१ विद्यालयका २४९ जना छात्रालाई प्रति विद्यार्थी रु.४०० का दरले रु.९९६०० र १९० जना दलितलाई प्रति विद्यार्थी रु.४०० का दरले रु.७६००० गरी कुल ४३९ जना विद्यार्थीहरुको रु.१७५६००।- छात्रवृत्ति अनुदान निकासा गरेको देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम पालिकाको कार्यक्रम प्रभावकारिता सहितको अनुगमन गरी सत्यापन गरेर मात्र निकासा गर्नुपर्नेमा नगरेकोले पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४४ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने, दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले ए.जि.पावर सप्लायर्स प्रा. लि. बाट (भौचर नं.१०१/२०८२।०१।०७ मा) ६७३५ प्याकेट प्याड स्यानिटरी रु.८६.७० (मु.अ.कर समेत) का दरले रु.६५९८३४.६८।- (मु. अ. कर समेत) मा खरिद गरेकोमा गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी विद्यालयहरुका प्रधानाध्यापकहरुलाई बुझाएको देखिन्छ । विद्यालयले स्यानिटरी प्याडको अवस्था स्यानिटरी व्यवस्थापनका कार्यमा भएका कार्यको अनुगमन प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्नेमा पठाएको छैन । वितरण गरिएका प्याडहरु सम्बन्धित विद्यालयहरुमा हस्तान्तरण गरेको प्रमाण पेश भएता पनि बढी मात्रामा स्यानिटरी प्याडको मौज्दात पालिकामा निरीक्षणको क्रममा देखिएकोले प्याड छात्राहरुले पाए नपाएको तथा सही प्रयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

४५ **निःशुल्क पाठ्यपुस्तक तर्फ :**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ । साथै पालिकाले पाठ्यपुस्तक बापत पहिलो किस्तामा ७५ प्रतिशत र दोश्रो किस्तामा वितरण भर्पाई, हाजिरी प्रमाणित र अनुगमन गरी सत्यापन प्रमाणित गरी थप किस्ता १०० प्रतिशत सम्म निकासा गर्न सकिने व्यवस्था रहेको छ। पाठ्यपुस्तक सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन :

४५.१ **कक्षा १ देखी १० सम्म :** पालिका अन्तर्गतका ३१ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक बापतको पहिलो किस्तामा ७५ प्रतिशत रकम अर्थात (गो.भौ.न ८५/२०८१।१२।२१) बाट रु.८४८०७९।- बैशाख महिनामा निकासा गरेको पाइयो । उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन समेत नगरी असार महिनामा थप (भौचर नं. १३६/२०८२।०३।०२) बाट रु.२३७५४७।- निकासा सहित जम्मा रु.१०८५६२६-। अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था देखिएन ।

४५.२ **कक्षा ११ र १२ :** यस वर्ष ११ र १२ कक्षाको विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक बापत भौचर नं. ६४/२०८१।११।१३ बाट रु.५४९५०।- दिएको पेश भएको विवरणबाट देखिएको छ । पालिकाले नयाँ शैक्षिक सत्रमा भएको भर्नाको विवरण, निकासामा सत्यापन प्रमाणित, बैशाख/जेठ महिनाको हाजिरी, निशुल्क पाठ्यपुस्तक अनुदानको एकीकृत अभिलेख तयार गरेर प्रमाणित र अभिलेखीकरण तथा अनुगमन प्रतिवेदन तयार गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्नेमा गरेको देखिएन । पालिकाले निर्देशिकाको व्यवस्था पालना गरेर मात्र पाठ्यपुस्तक बापत निकासा गर्नुपर्दछ ।

४६ **अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान :**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.४० मा माद्यमिक तह कक्षा ९ र १० तथा क्रियाकलाप नं. २.७.१३.४१ मा आधारभूत तह कक्षा ६ र ८ मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरबन्दी वा राहत अनुदान भएका अंग्रेजी,

गणित र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरबन्दी भएका आधारभुत तह (६-८) लाई न्यूनतम १ प्रति शिक्षक र मावि तह (९-१०) १ शिक्षकलाई १२ महिनाको शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ । पालिकाले विभिन्न विद्यालयलाई कार्यविधि बमोजिम मावि तहको ५ वटा विद्यालयको १४ शिक्षकका १२ महिनाको तलब र निमावि तहको २ विद्यालयको २ शिक्षकको १२ महिनाको तलब गरी जम्मा रु.७६ लाख ७६ हजार निकासा गरेकोमा शिक्षकको नियुक्ति तथा म्याद थपको विवरण उपलब्ध गराएको छैन । पालिकाले यस्तो तलब निकासा गर्दा विद्यालयबाट नियुक्ति तथा म्याद थपको पत्र पेश भएपछि मात्र अनुदान निकासा गर्नुपर्दछ ।

४७ **दिवा खाजा तर्फ :**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं.२.७.११.१ अनुसार IEMIS र सत्यापनमा भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिक बजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिक देखि विद्यालय पूरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण र हाजिरी प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ । दिवा खाजा सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन :

४७.१ **कार्यक्रम कार्यान्वयन कार्यविधिको पालना अवस्था (दिवा खाजा) :** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप सि.नं.२.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को मापदण्ड अनुसार हुने गरी विद्यालयले दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्ने व्यवस्था छ । पालिकाले भौचर नं. ३२, ६०, १२३ र १५१ बाट ३१ विद्यालयका ९१३ जना विद्यार्थीहरुका लागि दिवा खाजामा यस वर्ष पहिलो त्रैमासिकमा रु.५१८०८५।-, दोस्रो त्रैमासिकमा रु.६७९८३०।-, तेस्रो त्रैमासिकमा रु.५३२८६०।- र चौथो त्रैमासिकमा रु.३८३८८०।- गरी जम्मा निकासा रु.२११४६५५।- निकासा गरेको देखिन्छ ।

४७.२ लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरिएका विद्यालयलाई संख्यात्मक विवरण, सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विद्यालय व्यवस्थापन समितिमा प्रमाणितका साथै पालिकाले समेत अनुगमन गरी यकिन गर्नुपर्नेमा नगरेकोले यथार्थ खर्च भएको यकिन गर्न सकिएन । पालिकाले विद्यालयहरुलाई दिवा खाजा निकासा दिदा संख्यात्मक विवरण, सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विद्यालय व्यवस्थापन समितिमा प्रमाणित गराई अनुगमन समेत गरी दिवा खाजा निकासा दिने तर्फ ध्यान दिनुपर्दछ ।

४८ **अनुगमन मापदण्ड :**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाईएन । पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वयन पर्दछ ।

४९ **शिक्षा तर्फ :**

४९.१ **शिक्षकको अभिलेख :** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप १.१.३.३ र १.१.३.४ मा पालिकाले तलब भत्ता अनुदान निकासा गर्दा पालना गर्नुपर्ने क्रियाकलाप उल्लेख गरेको, शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्ने, पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिवृत्त भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरबन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख पूर्ण रुपमा तयार गरेको देखिएन । विद्यालय स्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलब विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र

सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम कार्यान्वियन कार्यविधिको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पूर्ण रुपमा अद्यावधिक नभएकाले विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलब, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन । अत:पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४९.२ **विद्यालयगत निकासा रजिष्टर :** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ मा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्ट्रर राखी निकासा नियन्त्रण गर्नुपर्दछ । पालिकाले निकासा रजिष्ट्रर र प्रगति सूचक अद्यावधिक गरेर राखेको छैन । विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४९.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४९.३ **शिक्षक विद्यार्थी अनुपात :** स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाबाट उपलव्ध विवरण अनुसार ३१ विद्यालयहरु संचालनमा रहेकोमा शिक्षक दरबन्दी बाल विकास र शिक्षण सहयोग अनुदान बाहेक स्थायी, राहात र करार गरी जम्मा २०४ जना कार्यरत रहेको देखियो । पालिकाले पेश गरेको IEMIS अभिलेख अनुसार कक्षा १ देखि कक्षा १२ कुल विद्यार्थी संख्या १७८१ रही शिक्षक विद्यार्थी अनुपात ८.७३ देखिएकोले पालिकाले सत्यापन समेत नगरी विद्यार्थीको विवरण राखेकाले यकिन गर्न सकिएन । पालिकामा कार्यक्रम कार्यान्वियन कार्यविधिमा तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम हुनुपर्दछ ।

सि.नं.	विद्यालयको नाम र ठेगाना	शिक्षक दरबन्दी	विद्यार्थीको संख्या कक्षा १-१२ सम्म	शिक्षक विद्यार्थी अनुपात	कैफियत
१	मातृभूमि मा.वि	१६	१४४	९	
२	पीताम्बर मा.वि	१८	३४०	१८.८८	
३	महिमा मा.वि.	२६	२९५	११.३४	प्राविधिक धार ८ जना प्रशिक्षक स.प्र समेत
४	भोज प्रकाश मा.वि	१५	१३०	८.६६	
५	आधारभुत मा.वि.	११	७९	७.१८	
६	जनकल्याण मा वि	१२	१२०	१०	
७	जनजागृति मा.वि.	१२	११८	९.८	
८	अमला भञ्ज्याङ मा.वि	१२	६०	५	
९	कालिका देउराली मा.वि.	११	९४	८.५४	
१०	पोखरी भन्ज्याङ आ.वि.	७	४४	६.२	
११	राधाकृष्ण आ.वि.	८	४८	६	
१२	देउराली आ.वि.	५	२६	५.२	
१३	गैराखोला आ.वि.	३	१७	५.६	
१४	चण्डीकालिका आ.वि.	४	२८	७	
१५	सरस्वती आ.वि.	३	२३	७.६	
१६	मन आ.वि.	३	२२	७.३	
१७	बाल सुधार आ.वि.	४	२४	६	
१८	बालज्योती आ.वि.	३	३२	१०.६	
१९	बालसुर्योदय आ.वि.	३	१४	४.६६	
२०	कालिका आ.वि.	३	११	३.६	
२१	नवदुर्गा आ.वि.	३	६	२	
२२	थानपती आ.वि.	४	१८	४.५	
२३	वलिकोट धारापानी	२	१०	५	
२४	चन्द्रज्योती आ.वि.	२	९	४.५	
२५	जनजागृति आ.वि.	२	८	४	
२६	नवदुर्गा आ.वि.	२	१६	८	
२७	भैरव कालिका आ.वि.	२	११	५.५	
२८	जनजागृतीआ.वि.	२	६	३	

२९	सिद्धआ.वि.	२	१२	६	
३०	जनकल्याणआ.वि.	२	५	२.५	
३१	शुक्रराजआ.वि	२	११	५.५	
	जम्मा	**२०४**	**१७८१**	**८.७३**	

४९.४ **दरबन्दी र निजी शिक्षक :** स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाबाट उपलव्ध विवरण अनुसार ३१ वटा विद्यालयहरु संचालनमा रहेकोमा शिक्षक दरबन्दी बाल विकास तथा दरबन्दीमा रहेका शिक्षक बाहेक निजी दरबन्दीमा ७ जना शिक्षक कार्यरत भएको देखियो । पालिकाले पेश गरेको IEMIS अभिलेख अनुसार कुल विद्यार्थी संख्या १७८१ रही शिक्षक विद्यार्थी अनुपात १:७४.२८ देखिएकोले पालिकाले विद्यार्थी संख्या यकिन नगरी विद्यार्थीको विवरण राखेकोले यकिन गर्न सकिएन । तसर्थ पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधिमा तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्नुपर्दछ ।

सि.नं.	विद्यालयको नाम	निजी शिक्षक	विद्यार्थी संख्या	अनुपात
१	पीताम्बर मा.वि	१	३४०	१:३४०
२	पोखरीभन्ज्याङआ.वि.	१	४४	१:४४
३	राधाकृष्णआ.वि.	१	४२	१:४२
४	देउरालीआ.वि.	१	२६	१:२६
५	गैराखोलाआ.वि.	१	१७	१:१७
६	चण्डीकालिकाआ.वि.	१	२८	१:२८
७	सरस्वती आ.वि.	१	२३	१:२३
	जम्मा	**७**	**५२०**	**१:७४.२८**

४९.५ **शैक्षिक गुणस्तर :** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याती स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रसंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिक बीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन । साथै यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ । सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८१।८२ मा विद्यालयको शैक्षिक गुणस्तरको अनुगमन गरेको देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ । पालिका अन्तर्गतका विद्यालयहरुको २०८१ को एस.ई.ई परीक्षामा ९ विद्यालयका १७७ जना विद्यार्थी सहभागी भएकोमा ८६ जना उत्तीर्ण भएको देखिन्छ । नतिजाका विवरण निम्नानुसार रहेको छ:

सि.नं.	जिपिए	विद्यार्थी	उत्तीर्ण विद्यार्थी संख्या		उत्तीर्ण प्रतिशत		जम्मा
			संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	
१	३.६१-४.००	१	संस्थागत विद्यालय नरहेको	१	नभएको	४७.४	४७.४
२	३.२१-३.६०	१३	-	१३			
३	२.८-३.२	४०	-	४०			
४	२.४-२.८	३३	-	३३			
५	२.०-२.४	-	-				
	पास	८७	-	८७			
६	NG	-	-	९०			
	जम्मा	**८७**	-	**१७७**			

तालिका अनुसार ३.६१-४.०० जिपिए ल्याउने विद्यार्थी सामुदायिक १ जना रहेका छन । साथै ३.२१-३.६० जिपिए ल्याउने १३ जना गरी समग्रमा ८७ जना विद्यार्थी संस्थागत विद्यालय उत्तीर्ण भएको देखिन्छ । यसरी पालिकाले सामुदायिक विद्यालयको ४७.४ प्रतिशत मात्र रहेको पास प्रतिशत सुधार गरी गुणस्त वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४९.६ **प्रति विद्यार्थी लागत :** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट	खर्च	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
१५४०५९०००	१३९४६७०००	२१९८	६३४५१

पालिकाको सामुदायिक विद्यालय तर्फको प्रति विद्यार्थी लागत रु.६३४५१ रहेको छ । पालिकाले शैक्षिक गुणस्तर वृद्धि गरी लागत अनुसारको प्रतिफल प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ४९.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४९.७ **बुककर्नर र प्रति विद्यार्थी लागत :** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा १-५ सम्म प्रति विद्यार्थी रु१५०, ६-१० सम्म रु.२०० र ११-१२ सम्म प्रति विद्यार्थी रु.२५० का दरले बुककर्नर दिनसक्ने र सो रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम रकमको परिधि भित्र रहेर विद्यालय सुधार योजना कार्यान्वयन शैक्षिक सामाग्री व्यवस्थापन, मर्मत संभार, सोलार, ल्याब, फर्निचर जस्ता विषयमा खर्च गर्न सक्ने व्यवस्था छ । बाल कक्षामा शिक्षण सिकाई सामाग्री डिजिटल सिकाई सामाग्रीका लागि प्रति विद्यार्थी रु.५०० अनुदान दिने व्यवस्था छ । पालिकाले २८ विद्यालयका बाल विकास केन्द्रका २२५ विद्यार्थीलाई रु.११२५००।-,१ कक्षामा भर्ना भएका विद्यार्थी १४८ जनाको रु.१४८००।-, १-५ कक्षाका जम्मा ६८० को रु.९७९५०।-, ६-८ सम्म सिकाई सामाग्री व्यवस्थापनमा ४९१ जनाको रु.९८२००।-, ९-१० कक्षाको ३४६ जनाको रु.६९२००।- र ११/१२ का २२१ जनाको रु.५५२५०।– र प्राविधिक धारको प्रति विद्यार्थी रु.१५००० को दरले ८७ जनाको रु.१३०५००० गरी जम्मा रु.१७५२९००।- निकासा गरेको छ । पालिकाले कार्यविधिमा उल्लिखित व्यहोराहरुको पूर्ण रुपमा पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४९.८ **कक्षा ८ को परीक्षा संचालन शुल्क :** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं १५.१ मा कक्षा ८ को परीक्षा संचालन तथा प्रमाणीकरण एंवम् विद्यार्थी मूल्याङ्कनका गर्न पालिकाले कक्षा ८ को परीक्षा संचालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६ बमोजिम ढाँचामा परीक्षाको ढाँचाको परिधि भित्र रही परीक्षाको स्तरीयता, प्रमाणीकरण र एकरुपता कायम हुने गरी परीक्षा संचालन गराउने र परीक्षा संचालन गर्दा संस्थागत विद्यालयबाट विद्यार्थीसँग प्रति विद्यार्थी न्यूनतम रु.२७५ का दरले शुल्क लिई

अभिलेख व्यवस्थापन तथा विद्यार्थीलाई प्रमाणपत्र वितरण गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १६९ (१७५ मध्ये ६ जना अनुपस्थित भएको) जना विद्यार्थीहरुको कक्षा ८ को परीक्षा शुल्क बापत रु.२७५ का दरले रु.४६४७५।- सङ्कलन गरेको विवरण पेश गरेको छ । यसरी संस्थागत विद्यालयको दर्ता, नवीकरण, कक्षा अपग्रेड लगायतका विषयमा समेत यकिन गरी अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

४९.९ **लेखापरीक्षण अनुदान :** कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु. १००००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु. १५०००।- को दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शीर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छ र सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौचर नं. ८५/२०८१।१२।२१ मा ३१ विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण बापत रु. ३५५०००।- निकासा गरी खर्च लेखेकोमा देहाय विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले सम्बन्धित विद्यालयले आर्थिक लेखापरीक्षण गराई सोको प्रमाण पेश गर्नुपर्दछ अन्यथा असुल गर्नुपर्दछ ।

सि.नं.	**विद्यालयको नाम र ठेगाना**	**निकासा रकम रु.**
१	बालसुर्योदय आ.वि.	१००००
	जम्मा	**१००००**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१०,०००

४९.१० **ICT (अनुगमन) :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ । कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विधालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ । पालिकाले भौचर नं. ८५/२०८१।१२।२१ बाट प्राविधिक विषय अध्यापनको लागि श्री महिमा मा. वि. लाई ल्याब सामाग्री अनुदान रु.२०००००।– निकासा दिएको छ । विद्यालयले कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार प्राप्त रकमबाट खरिद गरिएका मालसामानहरुको उपयोगको स्थिति, मालसामान दाखिला, प्रोत्साहन अनुगमन लगायतको कार्य यकिन गरी अनुगमन गरी पालिकाले खर्च यथार्थ भएको नभएको विश्वस्त हुनुपर्ने देखिन्छ ।

५० **स्वास्थ्य तर्फ :**

५०.१ स्थानीय तहमा स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार हुनेगरी स्वास्थ्य तर्फको रु.२१५०१०००।- बजेटका कार्यक्रममा रु.१००२७३०८ (४७ प्रतिशत) खर्च गरेको देखिन्छ । स्वास्थ्य तर्फ परिवार योजना सेवा, पोषण लगायत ३३ कार्यक्रम रहेकोमा सबै कार्यक्रम सञ्चालन भएको छ । तलबी प्रतिवेदन बेगर तलब भत्ता खर्च, किशोर किशोरी स्वास्थ्य, पोषण विशेष, डेँगु नियन्त्रण, मातृ तथा नवजात शिशु कार्यक्रम, स्वयम् सेविका प्रोत्साहन, आमा सुरक्षा, मृगौला प्रत्यारोपण, औषधि खरिद, आधारभूत स्वास्थ्य सेवाका लागि औषधि खरिद लगायतका कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको नर्म्स अनुसार कार्यक्रम सञ्चालन गरेको विवरण पेश गरेपनि कार्यक्रमसँग असम्बन्धित पदाधिकारीहरुलाई समेत अनुगमन भत्ता र अन्य उपस्थित भत्ता प्रदान गरेको देखिन्छ । एकै किसिमका कार्यक्रममा एकै ब्यानर राखी विभिन्न कार्यक्रमको फरक फरक ब्यानर खर्च लिएको, विविध खर्चमा आवश्यक अनावश्यक आंकलन नगरेको कारण यथार्थ खर्चको अवस्था आंकलन गर्न सकिएन । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाका नर्म्स अनुसार कार्य सञ्चालन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन :

५०.२ **औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः** औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपूर्ति व्यवस्थापन सम्बन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपूर्ण उपयोग लगायत विषय समावेश रहेको छ । पालिकाको स्वास्थ्य माहाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ६ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ ।

क्र.सं.	औषधिको नाम	२०८०।८१				२०८१।८२			
		अ.ल्या.	आम्दानी	खर्च	बाँकी	अ.ल्या.	आम्दानी	खर्च	बाँकी
१	Amoxycillin 500mg Cap	२०००	१९००	१३३००	७७००	९८००	२४०००	३३२००	६००
२	Paracetamol 500mg Tab	५०००	६२०००	३९०००	२८०००	१३५००	४८०००	६१५००	०
३	Ciprofloxacin 500mg Tab	३००	७०००	४९००	२४००	७००	१२०००	१२७००	०
४	Cetirizine 10mg Tab	०	१०००	९००	१००	०	८०००	७७००	३००
५	Pantoprazole 40mg Tab	०	१०००	९००	१००	०	१०००	१०००	०
६	Ranitidine 150mg Tab	१२००	६१०००	३९१००	२३१००	९३००	४३०००	५२३००	३००

एमोक्सिसिलिन ५०० एम जि औषधि आर्थिक वर्ष २०८०।८१ मा १३३०० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८१।८२ मा २ गुणा भन्दा बढी वृद्धि भई ३३२०० क्यापसुल हस्तान्तरण भएको छ । त्यस्तै रेनिटिडिन र प्यान्प्राजोल समेत करिब सोही अनुपातमा वृद्धि भएको छ । विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणालीको प्रयोग पूर्ण रुपमा लागू नभएकोले पालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन । सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपूर्ति र जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

५०.३ **व्याच नं, उत्पादन मिति, म्याद समाप्त मिति र निशुल्क वितरणको छाप बिना औषधी खरिद :** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । तर पालिकाले यस वर्ष खरिद गरेका अधिकांश औषधिको ब्याच नं, उत्पादन मिति र अवधि उल्लेख नभएकाले यकिन गर्न सकिएन । नमुना छनौटका आधारमा गरिएको परीक्षणमा कुनैपनि खरिदमा ब्याच नं, उत्पादन मिति र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको, टुक्रा टुक्रा पारी खरिद गरिएको देखिन्छ । तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ। तोकिएको प्रकृया नपुर्याई टुक्रा टुक्रा पारेर व्याच नं, अवधि उल्लेख नभएको, निशुल्क वितरण समेत नखुलाई दाखिला समेत गरी खरिद गरिएको औषधि बोलपत्र मार्फत गरेको देखिएन । पालिकाले औषधि खरिद खुला बोलपत्र गर्ने व्यवस्था गर्नुपर्दछ ।

५०.४ **औषधि खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ । यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ पालिकाको स्रोतबाट रु.५००००० (सर्जिकल सामाग्री खरिद), पोषण तर्फ रु.१६०००० र संघीय सशर्त तर्फ रु.१९९१००० समेत कुल रु.२६०७००० बजेट विनियोजन भएको छ । पालिकाले विनियोजित रकमको विभिन्न भौचर रु.१३५७०८७ खरिद कार्य सम्पन्न गरेको छ । पालिकाले कम्पनीले प्रकाशित मुल्य सुची अनुसार खरिद गरेको छ। औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिशपर्धात्मक तवरले खरिद गर्नुपर्दछ। खरिद ऐनको प्रावधान वमोजिम प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

स्रोत	गो.भौ/मिति	आइटमसंख्या	बजेट	खर्च	व्यवसायी	भुक्तानी
संघीय सशर्त	१२६।८२।२।२६	१०७	१९९१०००	७३५५५४	शिवशक्ती मेडिकल स्टोर्स, वालिङ्ग ८	७३५५५४
पोषण	२०८२।३।२४	४	११६०००	१३४४४८	नोबेल मेडिसिन पोखरा/बुद्ध मेडी लिंक प्रा लि काठमाडौँ	१३४४४८
पालिका	२०८१।११।२४	१४	५०००००	४८७०८५	बुटवल आयुर्वेद प्रा लि, काठमाडौँ	४८७०८५
जम्मा			**२६०७०००**	**१३५७०८७**		**१३५७०८७**

पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५०.५ **मौज्दात व्यवस्थापन :** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। यसरी खरिद गरिएका जसका केही उदाहरणहरु निम्नानुसारका रहेका छन्। अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ।

सि न	औषधिको नाम	म्याद समाप्त हुने मिति	मौज्दात
१	Paracetamol 500 mg	Dec 2026	२०००
२	Amoxylin 250mg	Jan 2026	१२००
३	Cetrizine 10mg	Dec 2026	२८५०
४	Tab Bcomplex	Feb 2026	९००
५	Tab Pantoprazole 40mg	2026 sep	४००

५१ टुक्रा पारी गरिएको खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष भौचर नं. २५/२०८१।०६।१६, १३३/२०८२।०१।०४, १३९/२०८२।०४।०३ मा एकै प्रकृतिको विभिन्न मालसामान रु. २३४४३९५ को खरिद गर्दा उल्लिखित व्यवस्थाको पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । यसरी पालिकाबाट सोझै खरिद गर्दा एकै प्रकृतिका मालसामान टुक्रा टुक्रा पारी खरिद नगर्ने तर्फ पालिकाको ध्यान केन्द्रित हुनु पर्दछ।

५२ मालसामानको लागत अनुमान तयारी र खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ को उपनियम (१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ भने उपनियम (२) मा उपनियम (१) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने विभिन्न आधारहरु बारेमा व्यवस्था गरिएको छ । साथै नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैंयाभन्दा बढीको सोझै खरिद गर्दा मोजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष विभिन्न सामाग्रीहरु खरिद गर्ने क्रममा लागत अनुमान तयार पार्न अनुमानित मूल्य सिफारिस गर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकलाई नै मालसामान आपूर्ति गर्न दररेट माग गरी गरेको खरिद कार्य गरेको देखिन्छ । प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही मालसामानको वास्तविक लागत अनुमान तयार भएको र खरिद प्रक्रिया प्रतिस्पर्धी भएको सुनिश्चित हुने गरी खरिद कार्य गर्नु पर्दछ ।

५३ **बोलपत्र मूल्याङ्कन समितिको गठन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ को उपदफा (१) पूर्वयोग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आशयपत्र वा सिलबन्दी दरभाउपत्र परीक्षण र मूल्याङ्कन गर्न सार्वजनिक निकायले तोकिए बमोजिमको मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ भने नियमावली, २०६४ को नियम १४७ को उपनियम (१) मा मूल्याङ्कन समितिमा रहने संयोजक, सदस्यहरु तथा सदस्य सचिवको बारेमा व्यवस्था गरेको छ । पालिकाले यसवर्ष विभिन्न खरिद गर्नुपूर्व मूल्याङ्कन समिति मार्फत बोलपत्रहरु मूल्याङ्कन गरेको भएता पनि उल्लिखित बमोजिमको व्यवस्था अनुकूल नहुने गरी पालिकाले मूल्याङ्कन सम्बन्धी कार्यहरु गरेको देखिन्छ । जसबाट पालिकामा प्राप्त खरिद सम्बन्धी प्रस्तावहरु आर्थिक रुपमा सारभूत एवम् प्रभावग्राही रहे नरहेको यथार्थपरक परीक्षण भएको मान्न सकिएन । प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिमको समिति गठन भई कार्य सम्पादन गर्नु पर्दछ ।

५४ **स्पेशिफिकेसन भन्दा फरक सामानको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ को उपनियम (१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिमको भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष भौचर नम्बर ११५ मिति २०८१/१२/१७ बाट ३८ वटा Diesel engine र ६४ वटा Petrol engine का Mini Tiller खरिद गरेको र भौचर नम्बर २६३ मिति २०८२/३/२५ बाट Petrol engine का थप ६० वटा Mini Tiller खरिद गरेको देखियो । सबै Mini Tiller को Engine requirement मा 4-stroke, single cylinder, SI engine, Air cooled system लाई Major Items उल्लेख गरी Technical Specification तयार पारी खरिद कार्य भएता पनि आपूर्तिकर्ताबाट प्राप्त भएको सबै Mini Tiller हरुको Inspection Sheet मा 4-stroke, single cylinder, Air cooled system मात्र उल्लेख भई Engine मा SI विशेषता नभएको देखिन्छ । आपूर्ति भएको सामानको निरीक्षण वा परीक्षणमा स्पेशिफिकेसन भन्दा फरक पर्दा समेत मालसामान आपूर्तिकर्ता बि.डि.एस. नेपाललाई भौचर नम्बर ११५ बाट रु. ३३१७७६३.० र भौचर नम्बर २६३ बाट रु. ७९८६२०.० गरी रु. ४११६३८३.० भुक्तानी भएकोलाई नियमसम्मत मान्न सकिएन ।

अनियमित भएको	४१,१६,३८३

५५ **ठेक्का तर्फ :**

५५.१ **ठेक्का नं. HRM/NCB/W/B/02/081-082 Construction of Administrtive Building of Rural Muncipality :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्वन्धित निर्माण व्यवसायिबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस कार्यालय अन्तर्गत ठेक्का नं. HRM/NCB/W/B/02/081-082 Construction of Administrtive Building of Rural Muncipality निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी Prajuli Contruction/BKJV Ramechap,Nepal वीच मिति Within 18 Months froms Dare of Contract Agreement मा काम सम्पन्न गर्नेगरी मिति 2082/1/4 (17th April 2025) मा सम्झौता भएको तथा कार्यदेश २०८२।१।२६ दिएको छ । कार्यसम्पन्न जमानत २०८४।०१।२५ रहेको छ भने विमा गरेको कागजात पेश भएन । हालसम्म पेस्की नलिएको तथा भुक्तानी नभएको पाईयो।काम ८ प्रतिशत मात्र भएको पालिकाले जनाएको छ। हालको कामको गति अनुसार काम सम्पन्न कठिन देखिएको छ। सम्झौताको शर्त अनुसार कार्यतालिका बनाई यथासमयमा कार्यसम्पन्न हुने गरि क्रियाकलाप गर्नु पर्दछ।

५५.२ **ठे.नं. HRM/NCB/W/R/01/081-082 Construction of Dagdi Kulung Dobhan Badare Bhanjang Kihu Motar Bato :** यस कार्यालय अन्तर्गत ठे.नं. HRM/NCB/W/R/01/081-082 Construction of Dagdi Kulung Dobhan Badare Bhanjang Kihu Motar Bato निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी Rara Nirman Sewa वीच कवोल अंक रु ८८९८४८८ । (मू.अ.कर समेत) को मिति २०८ २ । ९ ।१ ५ मा काम सम्पन्न गर्नेगरी मिति २० ८१ । ०८ । १६ मा सम्झौता भएको

छ । उकत् निर्माण कार्यको यस आर्थिक वर्ष सम्म १ वटा रनिङ विलबाट रु २०९३६३९ । भुक्तानी भएको छ । पोल स्थानान्तरण गर्न पहल गरेको, सडक रेखाङ्कन नभएको, समय लागेको, माटो उपलब्ध नभएको जस्ता कारण ले काममा भौतिक कार्यसम्पन्न ३५ प्रतिशत र वित्तीय २३ प्रतिशत प्रगति भएको छ।काममा उल्ले ख्य प्रगति भएको छैन।कार्यसम्पन्न जमानत Nov 08 2026 तथा विमा २०२५।०६।३० Six Month मात्र रहेको छ। अधावधिक प्रगति विवरण, कार्यसम्पन्न जमानत विमा डेली डायरी नराखी काम गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

५५.३ (88-2081-11-25):

ID No HRNS-W-NCB-RR-002-2079-80 : यस कार्यालय अन्तर्गत ठे.नं.ID No HRNS-W-NCB-RR-002-2079-80 Dagdi Kulungkhola Dovan Badaharbhang yang Kitchanas Rural Road Part 3(समपुरक हस्तान्तरित कार्यक्रम) निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी श्री B&B Constractions/SRS Malla/BP.J.V बिच लागत अंक रु. ३८८७७११० । र कबोल अंक रु३३७९९९४ (मू.अ.कर समेत) को मिति 12 Months of agreement मा काम सम्पन्न गर्नेगरी मिति 27 Jun 2023 मा सम्झौता भएकोमा यस आ.ब सम्म ९६ प्रतिशत प्रगति भएको छ । लगत अनुमान तयार गर्दा विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखिदैन। यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

कार्यसम्पादन जमानतः काम सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा कार्यसम्पादन जमानतको कागजात पेश नभएको हुदाँ यकिन गर्न सकिएन। उक्त कार्यको कार्यसम्पन् न भएको कार्यसम्पादन जमानत त्रुटी सच्याउने अवधिसम्म राख्न नु पर्ने भएकोले रु १४८०२३६। बराबरको कार्य सम्पन्न जमानतको प्रमाण पेश गर्नुपर्दछ।

विमाः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले विमा गराउनुपर्ने व्यवस्था छ । उक्त विमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ । निर्माण कार्यको कार्यसम्पन् न हुने समय सम्म पनि कागजात पेश भएको देखिएन। कानुनमा भएको व्यवस्था अनुसार रु८०००००० विमा लेखाको प्रमाण पेश गर्नुपर्दछ।त्रुटि सच्याउने दायित्व अवधिसम्मको विमा गराउनुपर्दछ ।

अद्यावधिक कार्यतालिकाः सम्झौताको SCC को GCC 34.1The contractor shall submit for approval a program for the works within 15 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्विकृत गराएको प्रमाण पेश भएन । यसैगरी, SCC को GCC 34.4 मा The period between program updates is 60 days. The amount to be withheld for late submission of an updated program is १००००० रहेकोमा अद्यावधिक कार्यतालिका पेश गरेको नदेखिएकोले सम्झौता अनुसार रु. ४ ०००००। रोक्का राख्नुपर्नेमा सो गरेको देखिएन । सम्झौताको पालना गर्ने तर्फ ध्यान दिनु पर्दछ।

प्रमाण पेश नगरेको	२२,८०,२३६

५६ **सामाग्री खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार पार्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि पालिका समेतको लागत सहभागितामा उपभोक्ता समितिहरु मार्फत गरिएको विभिन्न निर्माण कार्यहरुमा सोही दररेटको आधारमा लागत अनुमान तयार तथा भुक्तानी समेत गरिएको छ । चुइकुना देखि वडहरे गोरेटो बाटो धुपडाँडा चौतारी निर्माण योजनामा रु. ६५०.० मा खरिद भएको सिमेन्टलाई रु. ७९१.०, गुर्जा गाउँ भित्रि गल्ली वडा परिसरमा भर्याङ्ग डाँडा गोरेटो बाटो निर्माण योजनामा रु. ६७८.० मा खरिद भएको सिमेन्टलाई रु. ७९१.० तथा राम्चे चित्र ढुङ्गेठाटी बाटो निर्माण योजनामा रु. ६७८.० मा खरिद भएको सिमेन्टलाई रु. ७९१.० भुक्तानी गरेको पाइयो । कम मूल्यमा सामाग्रीहरु खरिद भएको बिल पेश हुँदा समेत बढी भुक्तानी भएको अवस्थालाई न्यूनीकरण गर्नेतर्फ पालिकाले आवश्यक ध्यान दिनु पर्दछ ।

५७ **हेभी इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने व्यवस्था छ । नियमको ९७(७) अनुसार उपभोक्ता समितिको कार्यमा लोडर, एक्साभेटर, डोजर प्रयोग गर्न सकिने छैन । पालिकाले लेखापरीक्षण प्रतिवेदनमा पटक पटक

दिइएको सुझावको बेवास्ता गर्दै निम्न उपभोक्ता समिति संगको संझौतामा उपभोक्ता समितिले कामको पुरै कार्य न्युसरा कन्ष्ट्रक्सन प्रा.लि.बाट गराइ निम्नानुसार भुक्तानी दिएको देखिन्छ । यस्तो कार्यलाई नियमसङ्गत मान्न सकिएन ।

भौचर नम्बर	उपभोक्ता समितिको विवरण	भुक्तानी रकम रु.
१२	सालडाँडा चिसापानी मोटरबाटो निर्माण उ.स.	१११६४४०.०
४३	मरयुंगा मोटरबाटो निर्माण उ.स.	७७३४८५.०
३६	दग्दी बगर मोटरबाटो निर्माण उ.स.	१०९०४५०.०
७०	घरमपानी बगर मोटरबाटो निर्माण उ.स.	१०९०१६७.०
१४९	चान्सिङ्ग देवी मोटरबाटो निर्माण उ.स.	१५८३१३०.०
	जम्मा	**५६५३६७२.०**

अनियमित भएको	५६,५३,६७२

५८ **उपभोक्ता समिति तर्फ :**

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी पेश गरेको बिबरण अनुसार गत बिगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने लगायतका कार्यको लागि १६८ वटा योजनाहरुको रु ५ करोड ५८ लाख को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु रु ५ करोड ५८ लाख को कार्य भएको देखिएकोमा रु ५ करोड ५८ लाख को कार्य जनसहभागिताबाट गरी रु ५५लाख ८१ हजार भुक्तानी भएको बिबरण पेश भएको छ । यस वर्ष सशर्त वाहेक गाउँपालिका पूजिगत खर्च रु १० करोड ९७ लाख ९४ हजार मध्ये उपभोक्ताबाट ४८ प्रतिशत उपभोक्ताबाट सम्पादन गरेको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

५८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्बन्धी कार्यविधिको व्यवस्था अनुसार कानून अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारबाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशिनरी उपकरणको प्रयोग गरेमा कारबाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वियन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपर्युक्त व्यवस्थाको पूर्ण पालन गरेको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानूनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

५८.२ **भुक्तानीको सिफारिस :** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु संलग्न राख्ने गरेको देखिएन । केहि योजनाहरुमा सम्वन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने नगरेको देखियो । उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाले भुक्तानीको

सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको एकिन हुन सक्ने देखिदैन। सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिएन । यसबाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

(विस्तृत विवरण बेरूजु दफा ५८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५८.३ **कामको नापजाच र हस्तान्तरण :** योजनाहरुको नापी किताबमा सबै प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राविधिकको मात्र हस्ताक्षर नापीकिताब, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्यांकन सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । कार्यालयले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको यकिन गर्न सकिएन । कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

५८.४ **जनसहभागिता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ तथा हरिनास गाँउपालिकाको खरिद नियमावली, २०८० अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । कार्यालयले आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको बाटोमा १० प्रतिशत, खानेपानीमा ३० प्रतिशत, समुह भवनमा ४० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट खर्च भएका विल विजकहरु पेश नभएका कारण प्रमाणहरु एक अर्कामा मेल खाने नखाने एकिन गर्न सकिने अवस्था रहेन। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

५८.५ **सार्वजनिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ ।परीक्षण गरेको भौचर नं १०३ १०५ १०९ ११०,३१६ र ३२६ का श्रेस्तामा खर्च सार्वजनिकिकरण गरेको छैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

५८.६ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा पर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

५८.७

जटिलसंरचना निर्माण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पुर्ने कार्य लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५८.८ सार्वजनिक खरिद ऐन २०६३, को दफा ४४ मा काममा मितव्यी गुणस्तरीय रोजगारी सिर्जना गर्ने तथ दिगोपना हुने भएमा तेस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सक्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समिति मार्फत गराउन नहुने उल्लेख छ । गाँउपालिकाले निम्न प्रकृतिको काम सार्वजनिक खरिद नियमावली अनुसार गर्नु पर्दछ। नियमावलीमा भएको व्यवस्थालाइ कार्यान्वियन नगरि यस प्रकारको गरिएको काम नियमित मान्न नसकिएको रु

गो.भौ.नं/मिति	योजनाको नाम	काम	रकम	कैफियत	
२ १ ४।२०८ २ ।३। १८	चिसापानी समाज भवन निर्माण	नयाँ भवन निर्माण	१२३७६२९		
२०८ २ ।३। १५	कार्यालय सँग जोडिएका कर्मचारी आवासिय भवन	नयाँ भवन निर्माण	२००००००		
२६ ।२०८ २ । ६ । १६	नागरिक आरोग्य केन्द्र ४	भवन निर्माण	४९५०००		
जम्मा			**३७३२६२९**		

अनियमित भएको	३७,३२,६२९

५८.९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७, ९७क र उपभोक्ता सम्वन्धी अन्य प्रचलित कानुन अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा कुल लागत रु १ करोडसम्म भएको र स्थानीय सीप, स्रोत साधन उपयोग हुने श्रममूलक आयोजना उपभोक्ता समितिबाट कार्य गराउन सकिने, जटिल प्रकृतिका र उपभोक्ता आफुले गर्न नसकिने कार्यहरु उपभोक्ता समितिबाट गराउन नहुने आदि सम्बन्धी प्रावधानहरु रहेका छन् । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम काम भएको हो भनी आश्वस्त हुन नसिकएका उपभोक्ता समितिबाट सम्पादित योजनाहरुको विवरण अनुसूचीमा संलगन छ ।

५९ **१५ शैया अस्पताल सम्बन्धमा :**

५९.१ (01-2082-03-24):
यस पलिका अन्तर्गत ठेक्का नम्बर २१/०७७/७८ Contruction of 15 Bed Hospital In Harinas Chisapani मा निर्माण कार्यको लागि पालिका र निर्माण व्यावसायी श्री शुभ कन्स्ट्रक्सन प्रा.लि., नँया बजारसँग मिति २०७८।७।२८ मा २ वर्षभित्र कार्यसम्पन्न गर्ने गरी रु. १२९२८८६३९६ मा सम्झौता भएको छ । सो कार्य सम्पन्न गर्न पटक पटक म्याद थप भई मिति २०८३।७।२९ सम्म थपिएको छ । सो कार्यक्रम एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत बनाइएको छ । यस आर्थिक वर्षमा भुक्तानी भएको विवरण देहाय अनुसार रहेको छ ।

क्र.सं.	**गो.भौ.नं. र मिति**	**जम्मा भुक्तानी**	**पेश्की कट्टा**
१	२०८१।६।७	५७२४२५२	
२	१-२०८२।३।२४	१४२४८७७१	
३	पेश्की		
	२०७९।१।२६	११४०००००	५७२४७३५
	२०८१।२।४	११४०००००	

पेश्की कट्टी रु. ५७२४७३५ गरी पेश्की बाँकी रु. १७०७५२६५ रहेको छ। लागत अनुमान तयार गर्दा विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

५९.२ **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ । उक्त बीमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको कार्यसम्पन्न हुने समय मिति २०८३।७।२९ सम्म रहेको छ । त्रुटी सच्चाउने दायित्व २०८४।८।२९ रहेको हुँदा बीमाको मिति २०८३।८।३० सम्म रहेको छ । GCC 34.1 मा 12 Month Defect Liability Period सम्म रहनु पर्ने प्रावधान रहेको छ । कानूनमा भएको व्यवस्था अनुसार त्रुटी सच्चाउने दायित्व अविधसम्मको बीमा गराउनु पर्दछ ।

५९.३ **पेश्की घटी कट्टी :** SCC को GCC 57.3 मा Advance Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 40% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । पालिकाले यो वर्ष सम्म रु. २२८०००००।– पेश्की दिएकोमा रु. ५७२४७३५।– पेश्की कट्टी गरी बाँकी रु. ७०७५२६५ रहेको देखिन्छ । उक्त भुक्तानी गर्दासम्म पेश्की कट्टा गरेको स्पष्ट विवरण देखिएन ।

५९.४ **कार्यसम्पादन जमानत :** मिति २०७८।७।२८ मा २ वर्षभित्र कार्यसम्पन्न गर्नुपर्ने गरी सम्झौतामा भएकोमा कार्यसम्पन्न बेलामा हुन नसकी पटक पटक म्याद थप गरी मिति २०८३।७।२९ सम्म सम्पन्न गर्नुपर्ने हुन्छ । यसको लागि कार्यसम्पन्न जमानत मिति २०८४।१०।२८ सम्म रहेको देखिन्छ । उक्त कार्यको कार्यसम्पादन भएको १३ महिना हुने गरी राख्नुपर्दछ ।

५९.५ **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था रहेको छ । यस निर्माण कार्यको म्याद कार्यालयले एकमुष्ठ मिति २०८३।७।२९ सम्म थप गरेको देखियो । वर्षा, क्रसर बन्द, चट्टानी भू-भाग लगायतका कारण उल्लेख गरी म्याद गरेको भएता पनि उल्लिखित कारणहरुको पुष्टि हुने गरी कागजात संलग्न गरेको देखिदैंन । अद्यावधिक प्रगत विवरण दैनिक डायरी नराखी स्वविवेकीय तवरबाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ । साथै पालिकाले गाउँसभाबाट भएको व्यवस्था बमोजिम म्याद थप भएको अवधिमा कार्य सम्पन्न नभएकाले पुनः म्याद थप गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म म्याद थप भएको विवरण पेश भएको छैन ।

५९.६ **अद्यावधिक कार्यतालिका :** सम्झौताको SCC को GCC 34.1 / 34.4 मा भएको व्यवस्था अनुसार पटक पटक म्याद थप हुँदासम्म अद्यावधिक कार्यतालिका पेश गरेको नदेखिएकोले सम्झौता अनुसार अद्यावधिक कार्यतालिका पेश गर्न लगाउनु पर्दछ। सम्झौतामा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ ।

५९.७ **अस्पताल भवन निर्माणको भेरियशन :** सार्वजनिक खरिद ऐन २०६३ दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन सम्बन्धी व्यवस्था अनुसार खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थितिमा सो सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भइ ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने व्यवस्था छ । मग्याम चिसापानी १५ शैयाको आधारभुत अस्पताल ठेक्का नं २।२०७७।७८ शुभ कन्ष्ट्रक्सन प्रालि नयाँबजार १७ संग २०७८।७।२८ मा दुई वर्ष भित्र कार्य सम्पन्न गर्ने गरी रु. १२,९२,८६,३९६ मा सम्झौता भएको छ । सम्झौताको BOQ मा निर्माण कार्यको जमिन सम्याउने कार्य (माटो एक्सेसन) ३० हजार घन मिटर राखिएकोमा निर्माण स्थलमा फिल्ड अनुसार एकलाख घनमिटर भएकोमा फिल्ड अनुसार एक्जाभेसन गर्नु पर्ने देखिएको भनि पालिका सगँ आवश्यक निर्णय माग गर्दा थप कामको आवश्यक निर्णय छिट्टै दिने तर अहिले काम शुरु गर्दै जानु भन्ने जानकरी दिएको सोही अनुसार BOQ मा उल्लेखित लगभग काम गर्दा पालिकाको निर्णय नआएको माटो एक्सा भेसन गर्दा Slope Scabilization नगरी नहुने र साइडमा रहेको पनि बग्ने खोल्सो भएकोले व्यवस्थापन नगरी काम गर्न सक्ने अवस्था नदेखिएको सो बारे आवश्यक निर्णय पनि नआएको विभिन्न प्रमुख समस्याहरु देखिदा धेरै नै आर्थिक भार थपिने र निर्माण स्थलको छनौट नै गलत भएकोले समस्याको बारेमा पालिकालाई आवश्यक निर्णय दिनुस भन्दा भवनको निर्मामणको सम्झौता सकिदा समेत आवश्यक निर्णय नभएकोले आवश्यक निर्णय गरी जानकारी दिनुस भनि अनुरोध भएको देखिन्छ । निर्माण व्यवसायीले कति कार्य गरेको मुल्याङ्कन भएको देखिदैन। पालिकाको २०८१।२।२१ को निर्णय अनुसार ९७८३६ घनमिटर माटो एक्साभेसन गर्नुपर्नेमा निर्माण व्यवसायी संग ६३५७० घनमिटर माटो एक्साभेसन गर्ने गरी NEGOTIATION भई दर रेट निर्धारण गरी रु. ३०६६९०८४।- भरियसन आदेश स्वीकृत भएको छ ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को उपदफा २(१) को खण्ड (ङ) बमोजिम भेरिएसन आदेश जारी गर्नुपर्दा ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड(१) बमोजिम सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरुको समुह गठन गरी सो समुह मार्फत आवश्यक जाँच बुझ गराइ प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सक्नेमा पालिकाले ऐन अनुसारको विशेषज्ञहरुको समुह गठन नगरि Vision Next Pvt.Ltd Tokha सँग सम्झौता गरि भेरिएसन जारी गरेको देखिन्छ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद संम्झौता आवधि थप गर्न सकिने व्यवस्था छ । निर्माण व्यवसायीले कार्यतालिका पेश नगरी गाँउ कार्यपालिकाको मिति २०८०।२।६ सम्मको निर्णय अनुसार २०८११।३० देखि २०८१।७।३० सम्म म्याद थप गरिएकोमा २०८१।५।१९ जमिन सम्याउने कार्य भएको र कार्यको मुल्याङ्कन भएको छैन । निर्णाण व्यवसायीलाई मिति २०७९।१।२६ मा रु.१,१४,००,००० र २०८१।२।४ मा रु.१,१४,००,००० समेत रु. २,२८,००,००० पेश्की उपलव्ध गराएकोमा भुक्तानी दिदाँ पालिकाले रु. ५७२४३३५ कट्टी गरी बाँकी पेश्की रु. १७०७५२६५ देखिन्छ। उक्त रकम रनिङ्ग बिल संगै नियम अनुसार कट्टी गर्दै जानु पर्दछ। हाल सम्म कार्य न्युन मात्र भएकोले समयमा कार्य सम्पन्न हुन कठिन देखिन्छ ।

६० **ठेक्का व्यवस्थापन :**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ मा खुल्ला रुपमा बोलपत्र आव्हान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले कबोलपत्रको सुचना प्रकाशित गरी स्वीकृति भएको ठेक्कामा बोलपत्रदाताले लागत अनुमानको तुलनामा १२ प्रतिशत देखि ३७ प्रतिशत सम्म घटीमा काम गर्ने गरी ठेक्का कबुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्का विवरणबाट देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटीमा काम गर्ने गरी गराएको कार्यमा सामग्रीको निर्धारित गुणस्तर र परिणाम कार्य भएको सम्बन्धमा यकिन हुने देखिएन ।पालिकामा उपभोक्ता समिति दरभाउ तथा बोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन निरिक्षण र गुणस्तर निर्धारण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिणाममा भएको यकिन गर्न सक्ने देखिएन यस्तो व्यवहारमा सुधार गर्ने गरी ठेक्का व्यवस्थापन गर्नु पर्दछ।

६१ **कन्टिन्जेन्सी खर्च :**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २

प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । सवारी साधन मर्मत तथा इन्धनमा रु.२०१८९३ कार्यालय सञ्चालन तथा अनुगमनमा रु.६०१२४४ र समेत यस वर्ष रु.८ लाख ३ हजार कन्टीन्जेन्सी खर्च गरेको छ ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु.३४०६१२ समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन ।

कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

६२ **सोझै खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिष्पर्धी र मितव्ययी ढंगले खरिद गर्नु पर्ने र एकमुष्ठ बजेटलाई टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्नेमा यस कार्यालयले ७ कामको रु. एक करोड बजेट रु. १० लाख भित्रका ७ वटा टुक्रा पारी लागत अनुमानकै हाराहारीमा प्रतिष्पर्धा बेगर सोझै खरिद गराइ रु. ७२ लाख भुक्तानी दिएको छ । एउटै निर्माण व्यवसायीबाट एकै वर्षमा एक पटक भन्दा बढी काम समेत गराएको छ । उक्त कानूनी व्यवस्था अनुसार प्रतिष्पर्धात्मक रुपले खरिद कार्य गर्नु पर्दछ ।

६३ **सिलवन्दी दरभाउपत्रबाट खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार रु. १० लाख भन्दा बढी रु.२० लाख सम्म खरिद वा निर्माण कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्न सकिने व्यवस्था भए पनि एकमुष्ठ बजेट वा कार्यक्रम भएका आयोजनाहरुको बजेट टुक्रा पारी सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउन नमिल्ने र वोलपत्रको माध्यमबाट गराउनु पर्ने व्यवस्था छ । यस पालिकाले १ आयोजनामा ११ लाखको कार्य/ कार्यक्रमको बजेट टुक्रा पारी सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउँदा पर्याप्त प्रतिष्पर्धा हुन नसकेको, साना साना टुक्रे कामहरुको गुणस्तर नियन्त्रण पक्ष कमजोर रहेको र उक्त कानूनी व्यवस्था पालना हुन नसकेकोले उक्त कानूनी व्यवस्थाको पालना गरी काम गराउनु पर्दछ ।

६४ **ठेक्का व्यवस्थापन :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुल्ला रुपमा बोलपत्र आव्हान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले कबोलपत्रको सूचना प्रकाशित गरी स्वीकृति भएको ठेक्कामा बोलपत्रदाताले लागत अनुमानको तुलनामा १४ प्रतिशत देखि ३५ प्रतिशत सम्म घटीमा काम गर्ने गरी ठेक्का कबुल गरेको देखिन्छ । उदाहरणका लागि केही ठेक्का विवरणबाट देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटीमा काम गर्ने गरी गराएको कार्यमा सामग्रीको निर्धारित गुणस्तर र परिणाम कार्य भएको सम्बन्धमा यकिन हुने देखिएन । पालिकामा उपभोक्ता समिति दरभाउ तथा बोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन निरीक्षण र गुणस्तर निर्धारण गर्न प्राविधिकको संख्या सीमित भएको देखिन्छ । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिणाममा भएको यकिन गर्न सक्ने देखिएन यस्तो व्यवहारमा सुधार गर्ने गरी ठेक्का व्यवस्थापन गर्नु पर्दछ ।

६५ **खरिद अभिलेखको कार्यान्वयन अवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ अनुसार खरिद सम्बन्धी अभिलेख राख्ने समेत कार्यका लागि खरिद शाखा इकाइ प्रमुखलाइ जिम्मेवार तोक्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार खरिद इकाइ

गठन गरेता पनि सो इकाइबाट उक्त कार्यको अद्यावधिक अभिलेख राखेको देखिएन । नियमको पालना हुनु पर्दछ ।

६६ कार्य स्वीकार/कार्यसम्पन्न प्रतिवेदन :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा निर्माण व्यवसायीबाट कार्य स्वीकार प्रतिवेदन लिनु पर्ने र नियम १२५ अनुसार ३० दिन भित्र एज विल्ट नक्सा लिनु पर्ने र नियम ११५(१क) अनुसार त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको त्रुटि सच्याउने दायित्व नखुलाई कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गरेको छ । नियमानुसार कार्यस्वीकार प्रतिवेदन तथा एज विल्ट नक्सा लिने एवं निर्माण व्यवसायीबाट त्रुटि सच्याउने दायित्वको अवधि भित्र त्रुटि सच्याउने दायित्व नरहेको सुनिश्चित हुने अभिलेख तयार गरी कार्यसम्पन्न प्रतिवेदन जारी हुनु पर्दछ ।

६७ ठेक्का अभिलेख :

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्यसम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । कार्यालयले यस वर्षको ठेक्का व्यवस्था भएको ठेक्का कार्यको अभिलेख राखेको देखिन्छ । यस कार्यलाई निरन्तरता दिनुपर्दछ ।

६८ पुँजीगत खर्चको अवस्था :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष १८३ शीर्षकबाट रु. ८ करोड ७० लाख खर्च गरेकोमा रु. २ करोड अर्थात् २४ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिदमध्ये सिलबन्दी दरभाउपत्रबाट रु. ११ लाख, सोझै रु. ७२ लाख ,अमानतबाट रु. २ लाख र उपभोक्ता समितिबाट रु. ५ करोड २२ लाख ९ हजारको खरिद गरेको छ । सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

६९ म्याद थप :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सक्ने व्यवस्था छ । यो वर्ष कार्यालयले ५ वटा खरिद सम्झौता गरेकोमा २ सम्झौताको ५० प्रतिशतसम्म काम भएको Slab culvet र Dagi सडकको २०८२।०९।३० सम्म म्याद थप गरेको देखियो । उल्लेखित नियमावलीको नियम १२०(६) मा भएको व्यवस्था अनुसार ५० प्रतिशत भन्दा बढी अवधिको म्याद थप गर्न नपाइनेमा नियमावलीको व्यवस्था कार्यालयमा भएको छैन । यसरी कानून बाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारीको कार्यसम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ ।

७० क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति :

क्रमागत योजना अभिलेख र कार्यान्वियन स्थिति: सार्वजनिक निकायले हरेक योजनाको म.ले.प. बाट स्वीकृत फारमका आधारमा अभिलेख व्यवस्थित गरी राख्नु पर्दछ । कार्यालयले यस आर्थिक वर्षमा सञ्चालन गरेका केही योजनाहरु गत बिगतमा केही भुक्तानी भएका र केही अधुरा समेत रहेका छन । एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक वर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले पुन:क्रमागत बजेटमार्फत योजना सञ्चालन गर्दा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढि परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम देखिन्छ । कार्यालयले तर्जुमा गरेको योजना कार्यान्वयन, सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्याबधिक राखी तथा यकिन गरि अभिलेख व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले यस वर्ष निर्माण

कार्यको मलेपफान ५०१ देखी ५१४ सम्मका फारमहरु व्यवस्थापन गरेर नराखेका कारण यथार्थ अवस्था यकिन गर्न सकिएन । निर्माण कार्यको अभिलेख व्यवस्थित गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

७१ **अधुरा आयोजना :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाको भौतिक र वित्तीय पक्षको सामूहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षाममा प्रगति कम हुनका प्रमुख कारणहरु र सो को नियमित जिम्मेवारी व्यक्तिको पहिचान गर्नु पर्ने त्यस्तो समिक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नु पर्ने कारबाही समेत उल्लेख गर्नु पर्ने व्यवस्था छ । स्थानीय तहले यो वर्ष देहाय अनुसारका रु. २८२०१४४९ का योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ ।

क्र सं	योजनाको नाम	रकम	कैफियत
१	चुलिडाँडा ढूंङ्गगारठाटी सडक वडा नं ४	१६०१०००	सम्पन्न गर्नुपर्ने
४	दम्दी बजार ढलान	९९२००	सम्पन्न गर्नुपर्ने
५	नागरिक सचेतना भवन	१३०००००	सम्पन्न गर्नुपर्ने
६	बक्सर बोक्से रह पर्यटन मो बा	२५६९००	सम्पन्न गर्नुपर्ने
७	चिसापानी अस्पताल	२४९४४३४९	सम्पन्न गर्नुपर्ने
	जम्मा	२८२०१४४९	

यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सो को उपयोग हुन सकेको छैन । त्यस्ता योजनाहरु अलपत्र अवस्थामा समेत रहेका छन । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

७२ **सम्भाव्यता अध्ययन/डी.पी.आर :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष ३ कार्य चुली डाँडाँ पर्यटन रु. १९ लाख २० हजार, कोईराले पुम्दी मोब पुल रु. १२ लाख ८० हजार र पुम्दी दोभान मोटर बाटो पुल रु. १२ लाख ८० हजार समेत कुल रु. ४४८०००० खर्च गरेको छ । यसरी सम्भाव्यता अध्ययन गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । यस्ता प्रकारका सम्भाव्यता अध्ययन तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ ।

७३ **ठेक्काको म्याद थप :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अद्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् । उक्त व्यवस्थाको सट्टा खरिद ऐनको उक्त व्यवस्था विपरित सार्वजनिक खरिद नियमावली २०६४ को छैठौं देखि १३ औं संसोधन गरी सम्झौता बाहेकका कारणहरु देखाइ एकमुष्ठ रुपले पटक पटक म्याद थप गरेको छ । पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः पटक पटक म्याद थप पनि गर्ने गरेको छ । तपसिलका ठेक्काहरुमा निर्माण व्यवसयीलाई पटक पटक सम्झौता अनुसारका न्यूनतम प्रकृया पूरा नगरी म्याद थपको सुविधा दिने तर खरिद कानून र सम्झौता अनुसार ठेक्का सम्पन्न नभएका कारण ठेक्काहरुको म्याद बढ्दै गई अधुरा ठेक्काहरुको

संख्या बढेको र सेवाग्राहीले प्रतिफल प्राप्त गर्न नसकेको अवस्था सृजना भएको छ । कार्य योजना अनुसार कार्य नगर्ने व्यवसायी र जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनु पर्दछ ।

७४ **स्थानीय तहहरुका निर्माण कार्यमा गुणस्तर व्यवस्थापन :**

स्थानीय तहहरुका निर्माण कार्यमा गुणस्तर व्यवस्थापन – यस स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक, सिचाइ, खानेपानी, भवन, निर्माण आदि रु. ८०७०००००० को कार्य गराउँदा निर्माण सामाग्री परीक्षण गराएको पाइएन ।साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन ।अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसमा सुधार गर्नु पर्दछ ।

७५ **ठेक्काको पूर्वतयारी :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । कार्यालयले वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने लगायतका पूर्व तयारीका कार्य नगरी ठेक्का लगाएको वा सडक, पुल तथा भवन निर्माण गर्ने १३ वटा ठेक्काहरूमा पूर्व तयारीको काम समावेश गरी रू.२ करोड ८३ लाखको खरिद सम्झौता गरेको देखिन्छ । बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने कार्य ठेक्कामा समावेश गरी निर्माणको समय पनि पूर्व तयारीका काममा खर्चिनु पर्दा ठेक्काको समय र लागत वृद्धि भएको छ । नियमको पूर्ण पालना गर्नु पर्दछ ।

७६ **ठेक्का सम्झौताको पालना :**

खरिद सम्झौता अनुसार निर्माण कार्य गर्नुपर्दछ । यस कार्यालयले ५ कामका २ करोडको ठेक्का सम्झौताको काम गराउदा संयुक्त उपक्रमका सबै साझेदार काममा सहभागी नभएको, बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको व्यवस्थाको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि सम्बन्धी विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको, लमसम ठेक्कामा नगद प्रवाहको अनुमान बेगर कार्यतालिका अद्यावधिक गर्ने गरेको, निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी गरेको, मोविलाइजेशन पेस्की काममा प्रयोग गरेको प्रमाण पेश नगरेको, निर्माण व्यवासायीबाट विशेष परिस्थितिको सूचना लिने नगरेको, एज बिल्ट नक्सा पेस नगर्ने निर्माण व्यवसायीको सम्झौतामा उल्लेख भए अनुसारको रकम रोक्का राख्ने नगरेको अवस्था छ । यसबाट ठेक्काको समय र लागत बढ्न जान्छ ।

ठेक्का सम्झौता अनुसार निर्माण व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेश्की जमानत अन्य काममा प्रयोग गरेमा, ३० दिन भन्दा बढी अवधि काम रोकेमा, गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वयनमा आएका छैनन् । सम्झौताका उल्लिखित प्रावधानहरू कार्यान्वयन गराउन ठेक्का कार्यान्वयन गर्ने पदाधिकारीलाई कार्यतालिका बनाई कार्यान्वयन गर्ने वातावरण बनाउनु पर्दछ ।

७७ **सडक वोर्ड तर्फको खर्च :** (04-2082-03-21):

सडक वोर्ड निर्देशिका बमोजिम सडक मर्मत संभार कार्यको लागि पालिका यस वर्ष कार्यक्रमको लागि लागत अनुमान रु १५४०७३४ ।८० तयार गरी ७० प्रतिशत रु ११००००० । सडक बोर्डबाट र ३० प्रतिशतले हुने रु ४४०७३५ । पालिकाले व्यहोर्ने गरी कार्यक्रम स्विकृत गरेको देखियो । Maintenance of Ramchey-Chitrey-Rodhi Khola Sadak (HRM/SQ?W/R/RE/01/081-082) AMisura Sons Basyal Constructions PVT LTD Waling Syangja Nepal ले २०८२।०२।१५ मा कार्यसम्पन् न भएको देखियो । कुल बजेट हाल सम्मको भुक्तानी रु९२८८८६। र भुक्तानी बाँकी पालिकाको रु२३१४१७ पालिकाले जनाएको छ । आर्थिक वर्षको अन्तमा सवै योजना सम्पन् न भएतापनि भुक्तानी नभई यस वर्षमा व्ययभार सरेको पालिकाले जनाएको छ । सडक वोर्डबाट अन्तिम समयमा कार् यक् म स्विकृत भएकोले ठेक्का व्यवस्थापन ढिला हुन गएको देखियो । पालिकाले उक्त कार्य खुला बोलपत्रको माध्यमबाट गरेको देखिन्छ । सडक मर्मत गर्ने कार्य एकै प्रकृतीको भएकोले सार्वजनिक खरिद कानुन बमोजिम प्याकेजिङ गरी खुला प्रतिस्पर्धाबाट गराउनु पर्नेमा सो गरेको देखि यो । यस कार्यको कार्यसम्पन्न जमानत २०८३।०१।०२ गते सम्म रहेको छ । भने विमा नगरेको पाईयो।

काम यथासमयमा सकिएको देखिन्छ। यस्तो कार्यमा निरन्तरता तथा सुधार हुनुपर्दछ । साथै सडक बोर्डबाट समयमा शोधभर्ना प्राप्त गर्न पालिकाले थप पहल गर्नपर्दछ ।

७८ केन्द्रीय अनुदानमा आन्तरिक आयको हिस्सा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	केन्द्रीय खर्चको तुलनामा आन्तरिक आय प्रतिशत
३४३१९०८७०.०	६३२९५५४.५६	१.८४

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.८४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनु पर्दछ।

७९ निरीक्षण नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन। कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानूनी प्रकृया पूरा गरी समयमै दाखिला भएको पहिचान गर्ने गरी प्रकृयामा सुधार गर्नुपर्दछ ।

८० राजश्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको विश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । राजश्व परामर्श समितिको ३ बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत: नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पूरा गर्नुपर्दछ ।

८१ मालपोत सङ्कलनमा नगदी रसिदको प्रयोग

पालिकाको आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नम्बर ११४ अनुसार पालिकाले हालै लिँदै आएको कर, राजश्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ भन्ने व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयहरु मार्फत सङ्कलन गर्ने भूमिकर/ मालपोत बापतको रकम नगदी रसिदको प्रयोग गरी सङ्कलन गर्ने गरिएको पाइयो । वडा कार्यालयहरुले रसिदगत रुपमा आम्दानी देखिने गरी खाता अद्यावधिक गरेको समेत पाइएन । पालिकाले सङ्कलन गर्ने भूमिकर/मालपोत करलाई यथाशीघ्र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत गर्ने व्यवस्था गर्नु पर्दछ ।

८२ राजश्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुले आफ्नो जिम्मामा आएको सरकारी नगदी उल्लिखित व्यवस्था अनुरुप तोकिएको समयमा नियमित दाखिला गरेको पाइएन । पालिकाले वडा कार्यालयहरुलाई आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गराउने तर्फ आवश्यक व्यवस्था गराउनु पर्दछ, अन्यथा दफा २८(२) मा व्यवस्था भए बमोजिमका कारबाही तर्फ ध्यान दिनु पर्दछ ।

८३ घ वर्गको निर्माण व्यावसाय दर्ता र नवीकरण

पालिका क्षेत्रभित्र घ वर्गको ईजाजत पत्र जारी, नवीकरण तथा खारेज गर्ने कार्यलाई नियमित तथा व्यवस्थित गर्न घ वर्गको निर्माण व्यावसायी ईजाजत पत्र वितरण कार्यविधि, २०७५ तयार पारी कार्यान्वयनमा ल्याएको छ । पालिकाको अभिलेखमा १६ वटा घ वर्गको निर्माण व्यवसायी दर्ता भएकोमा १३ जना व्यवसायीहरुले तोकिएको समयमा नै नियमित नवीकरण गरिरहेको भएता पनि निम्न बमोजिमको ३ जना व्यावसायीले नवीकरण गर्न बाँकी रहेको देखिएको हुँदा समयमा नै नवीकरण बापत लाग्ने रकम दाखिला गर्न लगाई पालिकाको आन्तरिक आम्दानी वृद्धिमा ध्यान दिनु पर्दछ ।

क्र.स.	व्यावसायीको विवरण	नवीकरण म्याद समाप्त भएको मिति	नवीकरण शुल्क रु.	कैफियत
१	गण्डकी इन्जिनियरिङ्ग कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., अनिस कंडेल	२०८१ असार मसान्त	३०००.०	
२	रेस्मी कन्ट्रक्सन प्रा.लि., देबेन्द्र रेस्मी	२०८१ असार मसान्त	३०००.०	
३	रोभ कन्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सल्टेनसी प्रा.लि., सुसन भि.के. (गजमेर)	२०८१ असार मसान्त	३०००.०	
	जम्मा		९०००.०	

८४ **ट्रयाक्टर सञ्चालनबाट आम्दानी**

पालिकाको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक ऐन, २०८१ को अनुसूची १८ मा ट्रयाक्टर सञ्चालन बापत प्रतिदिन रु. ३०००.० (इन्धन बाहेक) भाडा दर निर्धारण गरिएको छ । पालिकाले यसवर्ष २ वटा ट्रयाक्टर सञ्चालन बापत रु. ५२०००.० आम्दानी गरेको विवरण पेश गरेको छ । ट्रयाक्टर सञ्चालन कार्यलाई व्यवस्थित बनाउन पालिकाले छुट्टै अभिलेख तथा लगबुक व्यवस्थापन नगरेकोले त्यसबाट प्राप्त हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन । पालिकामा भएको ट्रयाक्टरहरु निजी प्रयोजनको लागि समेत प्रयोग हुने नागरिकको गुनासो रहेको पाइयो । पालिकाको आर्थिक ऐनले निर्धारण गरेको व्यवस्था बमोजिमको ट्रयाक्टरको भाडा पालिकालाई प्राप्त हुने गरी अभिलेख तथा लगबुक व्यवस्थापन लगायत आवश्यक कार्यहरुलाई व्यवस्थित गर्नु पर्दछ ।

८५ **राजश्व लक्ष्य र सङ्कलनको अवस्था**

पालिकाको आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नम्बर ११४ अनुसार पालिकाले हालै लिँदै आएको कर, राजश्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ । हाम्रो पालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर भन्ने नारालाई साकार पार्न राजश्वको आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाइनेछ । टोल टोलमा करमैत्री प्रशासनको अभियान सञ्चालन गरिनेछ भन्ने व्यवस्था रहेको छ । पालिकाको विगत ३ वर्षको राजश्व लक्ष्य र असुलीको अवस्था देहाय अनुसारको रहेको छ ।

रकम रु. हजारमा

आर्थिक वर्ष ०७९/८०			आर्थिक वर्ष ०८०/८१			आर्थिक वर्ष ०८१/८२		
लक्ष्य	असुली	प्रगति %	लक्ष्य	असुली	प्रगति %	लक्ष्य	असुली	प्रगति %
३०००	३८३०	१२७.६६	३५००	२८५०	८१.४२	३७७०	६३२९	१६७.८७

विगत ३ आर्थिक वर्षको राजश्व लक्ष्यको तुलनामा असुलीको अवस्थालाई हेर्दा ०७९/८० मा १२७.६६, ०८०/८१ मा ८१.४२ र ०८१/८२ मा १६७.८७ प्रतिशत रहेको देखिन्छ । पालिकाले प्रत्येक वर्ष राजश्व सङ्कलनको लक्ष्य वृद्धि गर्दै लगेको भएता पनि सङ्कलनको पक्षमा भने उतारचढाव रहेको देखिन्छ । पालिकाले यथार्थपरक राजश्व लक्ष्य कायम गरी सोह्यी अनुसार सङ्कलन गर्ने तर्फ आवश्यक ध्यान दिनुपर्दछ ।

८६ **व्यावसाय कर**

पालिकाको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक ऐन, २०८१ को अनुसूची १२ को खण्ड ख मा संघसंस्था दर्ता तथा नवीकरणको शुल्कहरु बारेमा व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा हालसम्म ४८८ व्यवसाय दर्ता भएकोमा यसवर्ष २३ वटा व्यवसाय खारेज भएका छन् भने ७२ वटा व्यवसाय नवीकरण भएका छन् । यसवर्ष ३९३ वटा व्यवसायहरु नवीकरण नभएकोले

नवीकरण बापत प्राप्त हुनुपर्ने राजश्व पालिकाले प्राप्त गर्न नसकेको देखिन्छ । तसर्थ आवश्यक अनुगमन साथै करदाता शिक्षा वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै व्यावसाय नवीकरणलाई कार्यलाई प्रोत्साहित गर्नुपर्दछ।

८७ आन्तरिक आयको विश्लेषण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६, ५९ र ६२ मा र भूमिकर, बहाल बिटौरी शुल्क तथा सेवा शुल्क उठाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले ती आय शीर्षकमा गत तीन वर्षमा गरेको आयको स्थिति निम्नानुसारको छ ।

क्र.स.	आम्दानी शीर्षक	आर्थिक वर्ष अनुसार सङ्कलन रु.		
		०७९/८०	०८०/८१	०८१/८२
१	भूमिकर/मालपोत	४८०७४३.०	५८६६०३.०	५९७९८०.०
२	बहाल कर	३९७६०.०	१३३७७०.०	२३७०६८.०
३	व्यक्तिगत घटना दर्ता दस्तुर	४७२४१५.०	२६३६६०.०	३५८६१०.०
४	अन्य आय	२८३७८५०.०	१८६६२८०.०	५१३५८९६.०
	जम्मा	३८३०७६८.०	२८५०३१३.०	६३२९५५४.०

पालिकाको आन्तरिक आय आ.व. ०७९।८० को तुलनामा आ.व. ०८०।८१ मा ७४ प्रतिशत र आ.व. ०८०।८१ को तुलनामा आ.व. ०८१।८२ मा २२२ प्रतिशत राजश्व सङ्कलन भएको पाइयो । पालिकाले सङ्कलन गरर्को । पालिकाको राजश्व सङ्कलनमा ठूलो उतारचढाव रहेको पाइयो । पालिकाले आफ्नो राजश्व क्षमता विकास गरी बढीभन्दा बढी राजश्व सङ्कलन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८८ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजन भएको रु. ५५७५०००.० मा रु. ४७२९७२३.० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन् ।

- **उपलब्धिको समीक्षाः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा लेखापरीक्षण अवधिसम्ममा सो कार्य गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्था अनुसार पालिकाले यस कार्यक्रम मार्फत प्राप्त भएको उपलब्धिको समीक्षा गर्नेतर्फ ध्यान दिनु पर्दछ ।
- **सार्वजनिक सुनुवाईः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्ममा सो कार्य गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाईको प्रबन्ध मिलाउनु पर्दछ ।
- **कार्यक्रमबाट रोजगारीः** पालिकामा १५८ जना पुरुष र ३० महिला गरी जम्मा १८८ जना सूचिकृत रहेकोमा ५३ जनालाई औषत ९१.६६ दिन गरी जम्मा ४८५८ दिन रोजगारी दिएको देखिन्छ । यस कार्यक्रम मार्फत पालिकाको क्षेत्रभित्रमा सञ्चालन भएका जम्मा ६ वटा गोरेटो बाटो निर्माण, चौतारी मर्मत लगायतका कार्यहरु गरिएका छन् । सञ्चालन गरिए कार्यक्रम मार्फत धेरै बेरोजगार व्यक्तिहरुले अल्पकालीन रोजगारी प्राप्त भएको भएता पनि दीर्घकालीन रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गरिएको पाइएन । यस कार्यक्रम मार्फत स्थानीयस्तरमा दीर्घकालीन रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गरिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
- **हाजिरभन्दा बढी पारिश्रमिक भुक्तानीः** रोजगार संयोजक श्री सगुन रानालाई यसवर्ष पालिकाबाट पारिश्रमिक बापत रु. ४७१२४९.९० भुक्तानी भएकोमा कार्यालयको हाजिरी रजिष्टर परीक्षण गर्दा जम्मा हाजिरी भन्दा १० दिन बढीको पारिश्रमिक भुक्तानी पाइयो । यसरी बढी भुक्तानी भएको रु. १४४१७.० सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	१४,४१७

८९ **गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका, २०७७ पालना गर्नुपर्ने व्यवस्था छ । पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष १३ लाख हजार रुपैंया विनियोजन भएकोमा १० लाख ३५ हजार ९०१ रुपैंया खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् ।

• **कार्यक्रम बाँडफाँट :** गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भए अनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्देशिका अनुसार नै बजेट बाँडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची-३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको छैन । निर्देशिकाले लघुउद्यममा सामाजिक परिचालन, उद्यमशीलता तालिम, प्राविधिक सीप विकास तालिम, लघु वित्तमा पहुँच, प्रविधिमा पहुँच तथा हस्तान्तरण लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्थाका साथै लघु उद्यमी स्तरोन्नती कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले बजेट व्यवस्थापन गरेता पनि प्रविधिमा पँहुच तथा हस्तान्तरण र लघु उद्यमीको स्तरोन्नती कार्यक्रम सञ्चालन गरेको छैन । कार्यक्रमको मूल मर्मको रुपमा रहेको प्रविधिमा पँहुच बढाउने तथा लघु उद्यमीहरुको क्षमता थप प्रबलीकरण गर्न स्तरोन्नतीको कार्यक्रम गर्दै गरिबी निवारण अभियानलाई प्रभावकारी बनाउने योजना बमोजिम कार्य हुन नसकेको देखिन्छ । निर्देशिकाले तोकेको अनिवार्य भन्दा फरक तरिकाले खर्च गर्ने कार्यमा सुधार गर्नु पर्दछ ।

• **मापदण्ड विपरितको प्रशिक्षण भत्ता भुक्तानीः** गण्डकी प्रदेशको खर्च मापदण्ड, २०७९ को अनुसूची १(दफा ६ को उपदफा ३ सँग सम्बन्धित) मा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक पाउने छैन भन्ने व्यवस्था रहेको छ । भौचर नम्बर १५९ मिति २०८२/३/२० मा पालिकाद्वारा २०८१/१०/१८ देखि २०८१/१०/२४ सञ्चालित गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रमको ४ दिने उद्यमशीलता तालिम कार्यक्रममा उद्यम सहजकर्ता अरुणा थापाले २८ कक्षा सञ्चालन गरी रु. २३८००.० प्रशिक्षण भत्ता बुझ्ने कार्यलाई मापदण्ड पालना भएको मान्न सकिएन । मापदण्डको पूर्ण पालना गरी कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

• **तालिममा उत्पादित सामाग्रीको बिक्री वितरणः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्न तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्र केन्द्र वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात् प्राप्त रकम कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट सञ्चालित विद्युत सम्बन्धी तालिम र साबुन बनाउने तालिमबाट उत्पादित सामान वा वस्तुहरुको अभिलेख नराखेको हुँदा सो सम्बन्धमा कुनै जानकारी प्राप्त हुन आएन । आगामी दिनहरुमा पालिकाबाट सञ्चालित हुने यस्ता तालिम कार्यक्रमहरुबाट उत्पादन हुने सामान तथा वस्तुहरुको अभिलेख राख्ने व्यवस्था मिलाइनु पर्दछ ।

९० **सामाजिक सुरक्षा तर्फ :**

९०.१ **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५ , सामाजिक सुरक्षा नियमावली-२०७६, विधुतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनिती-२०७४, सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि,२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागी आ.व.२०८१।०८२ मा नेपाल सरकारबाट रु. ११८०७१८००।- प्राप्त भएकोमा गाउँ कार्यपालिकाको केन्द्रीय हिसाबबाट ७ वटै वडाका २९५१ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु. ११८९५५९७६।- खर्च भई बाँकी रु. ८८४१७६ भएको आर्थिक विवरण पेश भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन:

क.सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधीक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने

जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। छनौटगत रुपमा वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंक निकासा जाने गरेको देखिन्छ। लाभग्राहीको नाममा मृत्यु दर्ता पछि मात्र लगत कट्टा गर्दा सामाजिक सुरक्षा भत्ता बढी जाने देखिन्छ। यसमा सुधार गरी कार्यक्रम कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्न देखिन्छ ।

यसरी व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहीत गरी सामाजिक सुरक्षा भत्ता थप हुन सक्ने अवस्था यकिन गरी पालिकाले समयमै पहिचान गरी लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ । लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ ।

ख.पालिकाले सामाजिक सुरक्षा भत्ता कार्यविधि,२०७७ को परिच्छेद ७ मा भत्ता वितरणमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न कार्यपालिकामा त्रैमासीक समिक्षा, लाभग्राहीको विवरण सार्वजनिक र सार्वजनिक सुनुवाई गरी एकिन गर्नुपर्नेमा गरेको छैन। साथै हटाउनु पर्ने लाभग्राहीको विवरण वडा कार्यालय, वडा अध्यक्ष र सदस्य, नागरिक समाज लगायतले सत्य तथ्य बुझी लगत कट्टा गर्नुपर्नेमा गरेको पाईएन । साथै व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहीत गरी सामाजिक सुरक्षा भत्ता थप हुन सक्ने अवस्था यकिन गरी पालिकाले समयमै रुजु गरी लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ९०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९०.२ **बढी निकासा :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानीय तहले आवश्यक बुझी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित वडा कार्यालय तथा बैंकबाट लगत कट्टा हुने गरि लगत कट्टा गरेको मितिसम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वितरण गरी बाँकी तथा लगत कट्टाको विवरण सम्वन्धीत बैंकबाट लिई रुजु गरेको तथा बैंकले वितरण गरी बाँकी रहेको रकम समयमा फिर्ता गरेको पाईएन। बैंकले पालिकाबाट प्राप्त निकासा वितरण गरी बाँकी रहेको रकम र लगत कट्टा भई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरेपनि कुन कुन लाभग्राहीको लगत कट्टी बाट के कति रकम फिर्ता भएको हो स्पष्ट देखिने गरि विवरण दिएको देखियन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको पहिचान गरी स्पष्ट रुपमा नामनामेसी नखुल्ने गरी वितरण गरिएको भत्ता रकम संघीय सञ्चितत कोषमा फिर्ता/दाखिला गर्नु पर्दछ। साथै यस वर्ष चौथो त्रैमासिकमा लगत कट्टा पछि खातामा गएर बाँकी रहेको रकम रु. २४००० फिर्ता गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ९०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	२४,०००

९०.३ **प्रमाण पेश गर्नुपर्ने :**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९०.४ **सार्वजनिक सुनुवाई :** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझीलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासीकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागी स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाईएन। सार्वजनिक सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी बन्द गर्ने तर्फ पालिकाको ध्यान केन्द्रीत हुनु पर्दछ।

निरीक्षण तथा अनुगमन : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नु पर्ने व्यवस्था छ।पालिकाले निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण समिति गठन गरिएको पाईएन। कार्यविधिमा उल्लिखित व्यहोराको पुर्णरुपमा पालना गर्नुपर्दछ।

९०.५ **पारदर्शीता कायम :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन। अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : हरिनास गाउँपालिका, स्याङ्जा , हरिनास गाउँपालिका , स्याङ्जा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	शिव कुमार पौडेल	२०८१-०९-१६	२०८२-०८-०३
कार्यालय प्रमुख	RAM PRASAD SHARMA	२०८०-११-०२	हाल सम्म कार्यरत
लेखा प्रमुख	कृष्ण प्रसाद पौडेल	२०८१-०६-१०	हाल सम्म कार्यरत
लेखा प्रमुख	मनि राना मगर	२०८१-४-१	२०८१-०६-०९

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५५,८९७	२९,५६१,३९३	७,१४३,८३४	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३६,७६१,१२४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	२,९६२,०७९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३३,७९९,०४५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५५५९६२४२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२६६३२९२६८	**चालु खर्च**	२४२७३२३१६
प्रदेश सरकारबाट अनुदान	१५१५७०००	**पूँजीगत खर्च**	१२५५१६८६३
राजश्व बाँडफाँट	७४३२६०३४	**वित्तीय/अन्य व्यवस्था**	१५७१६३४४९
आन्तरिक आय	६२६७३०५.०		
अन्य आय	१३८६०५८४१		
कुल आय	५००६८५४४८.०	**कुल खर्च**	५२५४१२६२८
बाँकी मौज्दात		३०८६९०६२	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,५५,००,६२५.३५	०	७,५५,००,६२५.३५	६,८३,२०,६१७.९७	०	६,८३,२०,६१७.९७
१३०००	अनुदान		२६,०१,१८,६०८.८८	०	२६,०१,१८,६०८.८८	२६,५३,२१,३९९.७८	०	२६,५३,२१,३९९.७८
१४०००	अन्य राजस्व		४६,०७,७८३.१९	०	४६,०७,७८३.१९	१७,८४,७४४.८९	०	१७,८४,७४४.८९
१५०००	विविध प्राप्ति		५,४७,१८१.००	०	५,४७,१८१.००	७५,२९५.००	०	७५,२९५.००
क	**कुल जम्मा प्राप्ति**		३४,०७,७४,१९८.४२		३४,०७,७४,१९८.४२	३३,५५,०२,०५७.६४		३३,५५,०२,०५७.६४
३	चालु		२४,२७,३२,३१६.४४	०	२४,२७,३२,३१६.४४	२२,६६,९९,४५४.४२	०	२२,६६,९९,४५४.४२
२१०००	पारिश्रमिक / सुविधा		१७,९९,३८,२२४.७७	०	१७,९९,३८,२२४.७७	१५,३६,३९,३२९.८७	०	१५,३६,३९,३२९.८७
२२०००	मालसामान तथा सेवाको उपयोग		४,०२,८०,२९१.६७	०	४,०२,८०,२९१.६७	४,११,०९,९१८.५५	०	४,११,०९,९१८.५५
२५०००	सहायता (Subsidy)		१,०६,५५,०७८.००	०	१,०६,५५,०७८.००	९,७०,४४४.००	०	९,७०,४४४.००
२६०००	अनुदान		८४,२५,४७१.००	०	८४,२५,४७१.००	२,७८,५६,४०१.००	०	२,७८,५६,४०१.००
२७०००	सामाजिक सुरक्षा		२९,४१,०५१.००	०	२९,४१,०५१.००	२४,५८,५६१.००	०	२४,५८,५६१.००
२८०००	अन्य खर्च		४,९२,२००.००	०	४,९२,२००.००	६,६४,८००.००	०	६,६४,८००.००
४	पूंजीगत		१२,५५,१६,८६३.००	०	१२,५५,१६,८६३.००	११,५०,९०,४१२.३०	०	११,५०,९०,४१२.३०
३१११०	भवन तथा संरचना		२,९९,४०,०९१.००	०	२,९९,४०,०९१.००	१३,५०,०००.००	०	१३,५०,०००.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२३,७५,९५८.००	०	२३,७५,९५८.००	१,८४,६४,६३९.००	०	१,८४,६४,६३९.००
३११३०	अन्य पूँजीगत खर्च		१,२३,९४,३९८.००	०	१,२३,९४,३९८.००	३८,७०,४९४.००	०	३८,७०,४९४.००
३११५०	सार्वजनिक निर्माण		८,०४,९६,३५४.००	०	८,०४,९६,३५४.००	९,०६,१६,७७७.३०	०	९,०६,१६,७७७.३०

३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	४,३८,५०२.००	०	४,३८,५०२.००
३११७०	पूँजीगत सुधार खर्च		३,१०,०६२.००	०	३,१०,०६२.००	०	०	०
३१२२०	मौज्दात सामानहरु		०	०	०	२,००,०००.००	०	२,००,०००.००
३१३१०	बहुमूल्य सामानहरु		०	०	०	१,५०,०००.००	०	१,५०,०००.००
ख)	**कुल जम्मा भुक्तानी**		३६,८२,४९,१७९.४४		३६,८२,४९,१७९.४४	३४,१७,८९,८६६.७२		३४,१७,८९,८६६.७२
ग)	**बचत /कमी (ग = क-ख)**		(२,७४,७४,९८१.०२)		(२,७४,७४,९८१.०२)	(६२,८७,८०९.०८)		(६२,८७,८०९.०८)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		१०,३०,०२४.००		१०,३०,०२४.००	२८,३२,५६५.००		२८,३२,५६५.००
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**							
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		(२,६४,४४,९५७.०२)		(२,६४,४४,९५७.०२)	(३४,५५,२४४.०८)		(३४,५५,२४४.०८)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		५,७३,७६,२६८.५४		५,७३,७६,२६८.५४	५,९१,३३,६४५.७९		५,९१,३३,६४५.७९
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		३,०९,३१,३११.५२		३,०९,३१,३११.५२	५,५६,७८,४०१.७१		५,५६,७८,४०१.७१

बेरूजु दफा १५.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व.			गत आ. व.सम्मको			जम्मा बाँकी पेश्की		
					म्याद ननाघेको		म्याद नाघेको	म्याद ननाघेको		म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको	जम्मा
					रकम	फछ्र्योटको अन्तिम म्याद		रकम	फछ्र्योटको अन्तिम म्याद				
१	२	३	४	५	९	१०	११	१२	१३	१४			
१	उपभोक्ता समिति												
१	२०८१/०४/०१	१	जनता संग अध्यक्ष कार्यक्रम	LEKH MOTAR BATO	०.००		०.००	०.००	२०८२/०३/३२	१,६५,०००.००	०.००	१,६५,०००.००	१,६५,०००.००
२	२०८१/०४/०१	१	खानेपानी तथा सरसफाई कार्यक्रम	कुसुन्डे लिफ्टिङ खा पा तथा सरसफाइ उ भो स	०.००		०.००	०.००	२०८२/०३/३२	१,१६,०००.००	०.००	१,१६,०००.००	१,१६,०००.००
३	२०८१/०४/०१	१	भैरवथान गोरेटो बाटो - ४	भैरब थान गोरेटो बाटो	०.००		०.००	०.००	२०८२/०३/३२	१,६५,०००.००	०.००	१,६५,०००.००	१,६५,०००.००
४	२०८१/०९/२९	५२	जनतासंग अध्क्षय कार्यक्रम	चुलीडाँडा आवशीय भवन निर्माण	०.००	२०८१/११/०५	११,२०,०००.००	०.००		०.००	०.००	११,२०,०००.००	११,२०,०००.००
५	२०८१/१०/२०	६४	समुह भवन समपुरक अनुदान ६०/४०	चण्डी कालिका आमा समूह भवन निर्माण	०.००	२०८१/११/२५	२,५६,०००.००	०.००		०.००	०.००	२,५६,०००.००	२,५६,०००.००
६	२०८२/०३/२२	२२८	पुर्कोट पर्यटन संरचना तथा पूर्वाधार निर्माण	पुर्कोट पर्यटन संरचना तथा पूर्वाधार निर्माण	४,५०,०००.००	२०८२/०४/२५	०.००	०.००		०.००	४,५०,०००.००	०.००	४,५०,०००.००

बेरूजु दफा ४९.१ सँग सम्बन्धित विवरण - अनुसूची -५

क्र.स.	विद्यालयको नाम	शिक्षकको नाम	तह	कैफियत
१	महिमा मा.वि.	प्रभा रानाभाट	मा.वि	सरुवा भएको
२	महिमा मा.वि.	दिनानाथ शर्मा पौडेल	नि.मा.वि.	अवकास भएको
३	महिमा मा.वि.	टोप बहादुर क्षेत्री	प्रा.वि.	अवकास भएको
४	महिमा मा.वि.	ध्रुव प्रसाद लम्साल	प्रा.वि.	अवकास भएको
५	चन्द्रज्योति आ.वि	भीम बहादुर गुरुङ	प्रा.वि.	अवकास भएको
६	चन्द्रज्योति आ.वि	धनकुमारी राना	प्रा.वि.	अवकास भएको
७	चण्डीकालिका आ.वि.	पेमा कुमारी थापा	प्रा.वि.	सरुवा भएको
८	मन आ.वि.	राजेश कुमार झा	प्रा.वि.	सरुवा भएको
९	जनकल्याण आ.वि.	शंकर प्रसाद यादव	प्रा.वि.	सरुवा भएको
१०	राधाकृष्ण आ.वि	शम्भुशरण बैठा	प्रा.वि.	सरुवा भएको
११	सिद्ध आ.वि.	अरुण कुमार चौरासिया	प्रा.वि.	सरुवा भएको
१२	नवदुर्गा आ.वि.	सुशिला मानन्धर	प्रा.वि.	सरुवा भएको
१३	अमला भञ्ज्याङ मा.वि.	चन्द्र बहादुर भुजेल	प्रा.वि.	अवकास भएको
१४	भोज प्रकाश मा.वि.	प्रतिमा लामिछाने	प्रा.वि.	सरुवा भएको

बेरूजु दफा ४९.२ सँग सम्बन्धित विवरण - अनुसूची - ६

तलब भत्ता रु.					
सि.नं.	विद्यालयको नाम	प्रथम	द्वितीय	तृतीय	चौथो
१	मातृभुमी मा.वि.	२४०४१०३	२४०४१०३	४९५००	४९५००
२	पिताम्वर मा.वि.	३५१७३००	२७६०१८०	४९५००	४९५००
३	महिमा मा.वि.	४६५३१८६	३५८४५२८	४९५००	४९५००
४	भोजप्रकाश मा.वि.	२७२८८८८	२०५८३१५	४९५००	४९५००
५	आधारभुत मा.वि.	२०८८३०९	१६०५३६९	४९५००	४९५००
६	जनकल्याण मा.वि.	२१९८३१२	१७३५७१९	४९५००	४९५००
७	जनजागृति मा.वि.	२००२३७१	१५६५१३३	४९५००	४९५००
८	अमला भन्ज्याङ मा.वि.	२१०३६८४	१५७७११७	४९५००	४९५००
९	कालिका देउराली मा.वि.	१८३६७०६	१६०६१७६	४५७६६	४५७६६
१०	पोखरी भन्ज्याङ आ.वि.	१०३१३०६	१०३८६४०	३९०००	३९०००
११	राधाकृष्ण आ.वि.	१३१४६९२	१०९९१५२	३९०००	३९०००
१२	देउराली आ.वि.	८२२४५४	६३३३६२	३९०००	३९०००
१३	गैराखोला आ.वि.	५२६४३३	४०५३३९	३९०००	३९०००
१४	चण्डीकालिका आ.वि.	५८२१६१	५१०२५५	३९०००	३९०००
१५	सरस्वती आ.वि.	५३११५०	४०८९५९	३९०००	३९०००
१६	मन आ.वि.	४३०५२४	३७९७८८	३९०००	३९०००
१७	वाल सुधार आ.वि.	६७३४७५	५१७२८५	३९०००	३९०००
१८	वालज्योती आ.वि.	५९८८२६	४६३४७१	३९०००	०
१९	वालसुर्योदय आ.वि.	५१२२८२	३९४४७९	३९०००	०
२०	कालिका आ.वि.	५३५८६७	४१२५७९	३९०००	०
२१	नवदुर्गा आ.वि.	५७५२४१	४४५३७१	३९०००	०
२२	थानपती आ.वि.	६६५६७८	५१३८७६	३९०००	०
२३	वलिकोट धारापानी	३६३६०३	२७८७०२	३९०००	०
२४	चन्द्रज्योती आ.वि.	४६५३४८	२८१३२३	३९०००	०
२५	जनजागृति आ.वि.	४१७६५२	३२२७५६	३९०००	०
२६	नवदुर्गा आ.वि.	३६२९७६	२८१४९३	२१०००	०
२७	भैरव कालिका आ.वि.	३०४८५३	२९२४६५	२१०००	०
२८	जनजागृती आ.वि.	४१७६५२	३२२७५६	३९०००	०
२९	सिद्ध आ.वि.	३६२९७६	२८१४९३	२१०००	०
३०	जनकल्याण आ.वि.	३३०७०१	२७८७०२	३९०००	०
३१	शुक्रराज आ.वि	३९८२५९	३०७८७३	३९०००	०

बेरूजु दफा ४९.६ सँग सम्बन्धित विवरण - अनुसूची -७

क्रस	विद्यालयको नाम	दिवाखाजा	छात्रवृति	पाठ्यपुस्तक ७५%	पाठ्यपुस्तक २५%	प्रतिविद्यार्थी	SIP विद्यालय सुधार योजना	जम्मा विद्यार्थी संख्या
१	मातृभुमीमा.वि.	६१३३५	६०००	७५८९०	२२८५७	३२४००	२००००	१५०
२	पिताम्वरमा.वि.	१६६९५०	१८०००	१४३५०७	३४८०७	७४३००	२००००	३५२
३	महिमामा.वि.	१४७३१५	१३६००	१२५२४२	४०९३५	१३६८७००	२००००	३०५
४	भोजप्रकाशमा.वि.	१०३७४०	९२००	६१३९५	१२३२२	३१५००	२००००	१४१
५	आधारभुतमा.वि.	७९२७५	६८००	४८६५३	१६४०४	१८२५०	२००००	८५
६	जनकल्याणमा.वि.	१७९२५०	१००००	६७६२३	२७६१०	३३४५०	२००००	१४२
७	जनजागृतिमा.वि.	१२८१९०	९२००	७०८६९	८९७६	३१८५०	२००००	१३६
८	अमलाभन्ज्याङ मा.वि.	६४८७५	६०००	३४६२९	७७००	१५८५०	२००००	६९
९	कालिकादेउराली मा.वि.	१०७४९०	११६००	५००६३	१३३०५	१८४५०	२००००	९८
१०	पोखरीभन्ज्याङ आ.वि.	८७०३०	६४००	२१२५४	२४९६	१०६००	१५०००	५०
११	राधाकृष्णआ.वि.	६९१०५	६०००	२११४३	८९२५	१०७५०	१५०००	५४
१२	देउरालीआ.वि.	६८१००	५२००	११९६३	३१६७	११७००	१५०००	४०
१३	गैराखोलाआ.वि.	५०८२०	२४००	७४८४	१३५७	४७५०	१५०००	२१
१४	चण्डीकालिकाआ.वि.	८५०५०	६८००	१२२८०	१९०६	९५००	१५०००	३८
१५	सरस्वतीआ.वि.	७८०१५	७२००	९९२२	२६८७	१२६५०	१५०००	४०
१६	मन आ.वि.	७३३५०	७२००	९६४३	३१२२	६७००	१५०००	२९
१७	वालसुधार आ.वि.	७४६२५	८४००	१०४९१	१०६२	७५००	१५०००	३१
१८	वालज्योतीआ.वि.	८६६२५	६०००	१२१८०	६३१३	५९००	१५०००	४३
१९	वालसुर्योदयआ.वि.	३५८५०	२०००	४२१७	३८१८	३७००	१५०००	१८
२०	कालिकाआ.वि.	२२४८५	२०००	४७२३	०	२९५०	१५०००	१३
२१	नवदुर्गाआ.वि.	२६९४०	३२००	२५३८	१९४०	३५००	१५०००	११
२२	थानपतीआ.वि.	६१५१५	३६००	७६१३	५१४०	६८००	१५०००	२५
२३	वलिकोटधारापानी	३४५००	२०००	४२३८	८७९	४३००	१५०००	१५
२४	चन्द्रज्योतीआ.वि.	३२५९५	१६००	३६२३	३६२७	४३५०	१५०००	१४
२५	जनजागृतिआ.वि.	३६५२५	२०००	३२४२	१७४५	४७००	१५०००	१४
२६	नवदुर्गाआ.वि.	३८६१०	२०००	५९८५	०	३३५०	१५०००	१६
२७	भैरवकालिका आ.वि.	२५७५५	२८००	४५३१	१४८६	२१५०	१५०००	११
२८	जनजागृतीआ.वि.	२६११५	२०००	२४४३	३५३	३२००	१५०००	१०
२९	सिद्धआ.वि.	२२२१५	३६००	४५०४	०	२२५०	१५०००	१२
३०	जनकल्याणआ.वि.	१०८१५	१२००	२०९७	१०६	१८५०	१५०००	७
३१	शुक्रराजआ.वि	२९५९५	१६००	४०९५	२५०१	५०००	१५०००	१७
	जम्मा	२११४६५५	१७५६००	८४८०७९	२३७५४७	१७५२९००	५१००००	

बेरूजु दफा ९०.१ सँग सम्बन्धित विवरण - अनुसूची -८

सि.नं	लाभग्राहीको विवरण	मासिक दर	प्रथम त्रैमासीक		दोस्रो त्रैमासीक		तेस्रो त्रैमासीक		चौथो त्रैमासीक		जम्मा निकासा रकम
			लाभग्राही संख्या	निकासा रकम	लाभग्राही संख्या	निकासा रकम	लाभग्राही संख्या	निकासा रकम	लाभग्राही संख्या	निकासा रकम	
१	अन्य जेष्ठ नागरिक भत्ता	४०००	१८८१	२२५७२०००	१९०८	२२८९६०००	१८९९	२२७८८०००	१९१०	२२९२००००	९११७६०००
२	जेष्ठ नागरिक भत्ता दलित (६० वर्ष माथिका)	२६६०	१५५	१२३६९००	१५५	१२३६९००	१५८	१२६०८४०	१५८	१२६०८४०	४९९५४८०
३	जेष्ठ नागरिक एकल महिला	२६६०	१८३	१४६०३४०	१७६	१४०४४८०	१६८	१३४०६४०	१६०	१२७६८००	५४८२२६०
४	विधवा	२६६०	३११	२४८१७८०	३२७	२६०९४६०	३३३	२६५७३४०	३४४	२७४५१२०	१०४९३७००
५	क वर्ग अपाङ्ग	३९९०	५१	६१०४७०	५२	६२२४४०	५५	६५८३५०	५६	६७०३२०	२५६१५८०
६	ख वर्ग अपाङ्ग	२१२८	११९	७५९६९६	११९	७५९६९६	११८	७५३३१२	१२१	७७२४६४	३०४५१६८
७	दलित बालबालिका	५३२	१७७	२८२४९२	१८५	२९५२६०	१८९	३०१६४४	२०२	३२२३३९२	१२०१७८८
	जम्मा		**२८७७**	**२९४०३६७८**	**२९२२**	**२९८२४२३६**	**२९२०**	**२९७६०१२६**	**२९५१**	**२९९६७९३६**	**११८९५५९७६**

बेरूजु दफा ९०.२ सँग सम्बन्धित विवरण - अनुसूची -९

क्र.सं.	वडा नं.	नाम	नागरिकता नं.	मृत्यु मिति	जानु पर्ने रु.	गएको रु.	फिर्ता रु.
१	१	जुन माया गुरुङ्ग	४२३००८-५००	२०८१।०८।१२	८०००	१२०००	४०००
२	१	पदम बहादुर राना	४२-०१-७६-०४०८३	२०८१।०८।११	८०००	१२०००	४०००
३	३	नो कुमारी खड्का	५६१७	२०८१।०५।१८	८०००	१२०००	४०००
४	३	दल बहादुर गुरुङ्ग	१४३१७	२०८२।०२।०६	६०००	१२०००	६०००
५	४	मति सरा थापा	४४०४	२०८१।०६।०६	१००००	१२०००	२०००
६	६	हुम बहादुर थापा	५१६५	२०८१।०५।२४	८०००	१२०००	४०००
		जम्मा					**२४०००**

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततावेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।